समृद्ध समाजको सामाजिक आधार
युवाको बल र विचार
कम्पनी दर्ता नं. २११८१३/०७५/०७६

राष्ट्र, राष्ट्रियता र लोकतन्त्रप्रति प्रतिबद्ध
जि.प्र.का. द.नं. १६६/०७४/०७५ मोरङ

# राष्ट्रिय युवा जागरण

साप्ताहिक

Rastriya Yuva Jagaran Weekly

अनलाईन संस्करण: fastmedianepal.com

वर्ष-१९, अंक-६ २०८३ भदौ १० गते बुधबार (2026, 26 Aug. Wednesday) नेपाल सम्वत ११४६ पृष्ठ संख्या - ६ मूल्य रु. १०।-

जनहितमा जारी

भुकम्प प्रतिरोधक घर बनाऔं । २०७२ बैशाखको जस्तो भुकम्प जुनसुकै बेला जान सक्छ । त्यसैले, घर निर्माण गर्दा सरकारले तोकेको मापदण्ड पूरा गरेर बनाऔं । नगरपालिकाबाट नक्सा पास गराऔं । इन्जिनियरको सल्लाह लिऔं । निर्माणमा तालिम प्राप्त डकर्मी, सिकर्मीलाई मात्र लगाऔं । पुनर्निर्माण तथा नवनिर्माण गर्दा गुणस्तरीय समाग्री मात्र प्रयोग गरौं ।

दमक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दमक, झापा

## लाखौं आम्दानी दिने पूर्वसैनिकको ड्रागन फ्रुट खेती

◆ रायुजा डेक्स



सुनसरी । भारतीय सेनामा करिब २८ वर्ष सेवा गरेर अवकाश लिएका रामधुनी-७ का कृपाश्वर घले गुरुङ अहिले व्यावसायिक ड्रागन फ्रुट खेतीबाट वार्षिक ५५ लाखदेखि ६० लाख रुपैयाँसम्म आम्दानी गरिरहेका छन् । दुई बिघा क्षेत्रफलमा सञ्चालन गरेको 'सर्जुमा ड्रागन फ्रुट कृषि फार्म' उनको अवकाशपछिको सफल कृषि यात्राको उदाहरण बनेको छ ।

२०७४ सालमा फार्म स्थापना गरी व्यावसायिक खेती सुरु गरेका घलेले करिब २२ वर्षअघि मलेसियाबाट ल्याइएको 'रातो पिङ'प्रजातिको एउटा बिरुवाबाट ड्रागन फ्रुट खेती थालेका थिए । सुरुमा बजार र यसको उपयोगिताबारे पर्याप्त जानकारी नभए पनि माग र मूल्य बढ्दै गएपछि उनले खेती विस्तार गरेका हुन् ।

हाल फार्ममा करिब ५०० वटा ड्रागन फ्रुटका बोट छन् । गत वर्ष २७ मेट्रिक टन उत्पादन गरेका घलेले यस वर्ष ३० मेट्रिक टनभन्दा बढी फल्ने अनुमान गरेका छन् । उत्पादित फल काठमाडौं, पोखरा, हेटौंडा र बुटवलका बजारमा पुग्ने गरेको छ भने धरान, इटहरी, इनरुवा र विराटनगरलगायत स्थानीय बजारमा पनि बिक्री हुँदै आएको छ । धेरै व्यापारी फार्ममै पुगेर फल खरिद गर्ने गरेका छन् ।

अन्य फलफूलको तुलनामा ड्रागन फ्रुटबाट नियमित आम्दानी हुने घलेको अनुभव छ । उनका अनुसार एउटै बोटले मौसमअनुसार नौदेखि १० पटकसम्म फल दिने भएकाले उत्पादन निरन्तर हुन्छ । वैशाखदेखि फूल लाग्न सुरु हुने र जेठको अन्तिम सातादेखि कात्तिकसम्म फल टिप्न सकिने उनले बताए । बत्ती जडान गरेर बेमौसममा समेत तीनदेखि चार पटकसम्म उत्पादन लिन सकिने र त्यसबेला मूल्यसमेत बढ्ने उनको भनाइ छ ।

घलेका अनुसार फार्मबाट ड्रागन फ्रुट खुद्रा प्रतिकिलो ३५० रुपैयाँ र थोकमा ३०० रुपैयाँसम्म बिक्री हुन्छ । बेमौसममा भने मूल्य प्रतिकिलो ४५० देखि ५०० रुपैयाँसम्म पुग्ने गरेको छ । फलसँगै बिरुवा बिक्रीबाट पनि अतिरिक्त आम्दानी हुने गरेको छ । वार्षिक चार लाख रुपैयाँभन्दा बढीको बिरुवा बिक्री हुने उनले बताए । माग बढेसँगै पहिले चार(पाँच रुपैयाँमा बिक्री हुने बिरुवा अहिले ५० देखि ७० रुपैयाँसम्ममा बिक्री हुने गरेको उनको भनाइ छ ।

जाऔं अन्तिम पृष्ठ

## इटहरीको गरिबी घटाउने योजना : उत्पादनमा बजेट, उपलब्धि कति ?

◆ बाबुराम क्षेत्री




इटहरी । इटहरी उपमहानगरपालिकाले हरेक आर्थिक वर्षका बजेटका प्राथमिकतामा उत्पादन र आयआर्जनमार्फत गरिबी न्यूनिकरण, सहभागितामूलक विकासमा र भौतिक पूर्वाधार विकासमा जोड भनेर राखिएका छन् । ०८२/०८३ रहेका यि शीर्षकहरु ०८३/०८४ मा राखिएका छन् । यसमध्ये उत्पादन र आयआर्जन मार्फत गरिबी न्यूनिकरणमा के कस्तो योगदान भयो ? कति मानिसहरु गरिबीको चपेटामा निस्किए वा कतिले रोजगारी पाए र गरिखाने अवस्थामा पुगे भन्ने यथार्थ जानकारी लिन उपमहानगरपालिकाको वेबसाइडलाई आधार बनाएर विश्लेषण गर्ने प्रयत्न गरेका छौं । आर्थिक वर्ष २०८२/०८३ मा उत्पादन र आयआर्जनमार्फत गरिबी न्यूनीकरण गर्ने लक्ष्यलाई प्राथमिकतामा राखे पनि त्यसको प्रत्यक्ष फाइदा वा प्रभाव कति परिवारको जीवनमा पुर्‍यो भन्ने प्रश्न अझै स्पष्ट हुन सकेको छैन । सम्भवत: त्यही कारणले हुन सक्छ तिनै शीर्षकहरु ०८३/०८४ मा परेका छन् ।

नगरपालिकाले उक्त ०८२/०८३ आर्थिक वर्षका लागि नीति, कार्यक्रम तथा बजेटमा उत्पादन, रोजगारी, उद्यमशीलता र आयआर्जनसँग सम्बन्धित कार्यक्रम अघि सारेको थियो । नगरपालिकाले वर्षको बीचमा पूरक बजेटसमेत ल्याएको छ । आधिकारिक वेबसाइटमा आर्थिक वर्ष २०८२/०८३ को मूल बजेट तथा कार्यक्रम र पूरक बजेट दुवै सार्वजनिक छन् ।

बजेट कार्यान्वयनको अवस्था हेर्न नगरपालिकाले २०८२/०८३ का लागि साउनदेखि कात्तिक, मंसिरदेखि फागुन र चैतदेखि असारसम्मका चौमासिक खर्च तथा प्रगति प्रतिवेदन सार्वजनिक गरेको छ । पछिल्लो अर्थात् चैतदेखि असारसम्मको प्रतिवेदन २०८३ असारमा सार्वजनिक गरिएको हो ।

यसले नगरपालिकाले बजेट खर्चको विवरण सार्वजनिक गरेको देखाउँछ । तर उत्पादन र आयआर्जनका कार्यक्रमको सफलता केवल खर्चको प्रतिशतबाट मापन गर्न सकिँदैन । गरिबी न्यूनीकरणको वास्तविक उपलब्धि हेर्न कति विपन्न परिवार कार्यक्रममा जोडिए, कति व्यक्ति स्वरोजगार भए, कति नयाँ उद्यम सञ्चालन भए र उनीहरूको आम्दानी कति बढ्यो भन्ने तथ्य आवश्यक हुन्छ । यस्तो तथ्य र तथ्यांक वेबसाइडमा पाइएन ।

बजेट खर्च भयो, आम्दानी कति बढ्यो ?

नगरपालिकाको योजनामा उत्पादनमुखी कार्यक्रम, सीप विकास, उद्यमशीलता तथा रोजगारी सिर्जनालाई गरिबी न्यूनीकरणसँग जोडिएको छ । यस्तो कार्यक्रमको प्रभावकारी मूल्यांकनका लागि तालिम वा सामग्री वितरणको संख्या मात्र पर्याप्त हुँदैन ।

उदाहरणका लागि, सीप तालिम लिएका व्यक्तिमध्ये कति जनाले व्यवसाय सुरु गरे? व्यवसाय सुरु गरेकामध्ये कति अहिले पनि सञ्चालनमा छन्? उनीहरूको मासिक वा वार्षिक आम्दानीमा कति वृद्धि भयो? कृषि तथा पशुपालनसम्बन्धी कार्यक्रमबाट उत्पादन कति बढ्यो? नयाँ रोजगारी कति सिर्जना भयो? यस्ता प्रश्नको

जाऔं अन्तिम पृष्ठ

## नगदेबालीको मोहमा बदलिँदै भोजपुरको खेतीपाती

◆ खगेन्द्र कार्की

**अकबरे, अलैंची, सुन्तला, किवी र एभोकाडोतर्फ किसानको आकर्षणह्य कोदो, फापर, जौ र परम्परागत अन्नबाली संकटमा**

भोजपुर । केही वर्षअघिसम्म भोजपुरका अधिकांश गाउँमा मकै, कोदो, धान, फापर र जौका बारी देखिन्थे । घरको आवश्यकता पूरा गर्ने उद्देश्यले गरिने निर्वाहमुखी खेती नै ग्रामीण अर्थतन्त्रको आधार थियो । अहिले भने भोजपुरको कृषि परिदृश्य विस्तारै बदलिँदै गएको छ । खेतबारीमा परम्परागत अन्नबालीको ठाउँमा अकबरे खुर्सानी, अलैंची, सुन्तला, किवी, एभोकाडो, ड्रागनफ्रुट र विभिन्न मौसमी तथा बेमौसमी तरकारीले स्थान लिन थालेका छन् । किसानको प्राथमिकता पनि 'घरका लागि अन्न' बाट 'बजारका लागि उत्पादन'तर्फ सर्दै गएको छ ।

यो परिवर्तनको सबैभन्दा बलियो उदाहरण अकबरे खुर्सानी बनेको छ । भोजपुरका विभिन्न स्थानीय तहमा व्यावसायिक रूपमा यसको खेती विस्तार भइरहेको छ । पछिल्लो उपलब्ध तथ्यांकअनुसार जिल्लामा करिब ६०९ हेक्टर क्षेत्रमा अकबरे खुर्सानी खेती भइरहेको कृषि ज्ञान केन्द्र भोजपुरले जनाएको छ । भोजपुर नगरपालिका, पौवादुङमा, अरुण र षडानन्दका विभिन्न क्षेत्रमा यसको व्यावसायिक खेती फैलिएको छ भने टेम्केमैयुङ र रामप्रसाद राई गाउँपालिकामा समेत खेती विस्तार हुन थालेको छ ।

विशेषगरी पौवादुङमा गाउँपालिका अकबरे खुर्सानीको व्यावसायिक उत्पादनका कारण जिल्लाकै नमुना क्षेत्रका रूपमा देखिन थालेको छ । केही वर्षअघि गाउँपालिकाले अकबरेलाई पकेट क्षेत्रका रूपमा विकास गरेपछि किसानको आकर्षण बढेको थियो । विभिन्न रिपोर्टअनुसार यहाँ खुर्सानीबाट करोडौं रुपैयाँको कारोबार हुन थालेको छ । २०८२ मा प्रकाशित विवरणमा पौवादुङमामा मात्रै अघिल्लो वर्ष करिब १८ करोड रुपैयाँ बराबरको खुर्सानी उत्पादन भएको उल्लेख छ ।

भोजपुर नगरपालिका-५ बोखिम, दावाँ, भैंसीपंखा, पोखरे, टक्सारलगायत क्षेत्रमा पनि अकबरेको व्यावसायिक खेती बढेको छ । रामप्रसाद राई गाउँपालिकाको दलगाउँ, भुल्के तथा टेम्केमैयुङको खावा, कोट, गोगने, लेखर्क र अन्नपूर्ण क्षेत्रमा समेत किसानले यसलाई आम्दानीको स्रोत बनाउन थालेका छन् ।

यसको पछाडि बजार प्रमुख कारण हो । भोजपुरमा उत्पादित अकबरे स्थानीय बजारमा मात्र सीमित छैन । तराईका जाऔं अन्तिम पृष्ठमा

## कार्कीलाई तेस्रो पटक विश्वासको मत आठ जना अनुपस्थित



विराटनगर । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले सोमबार प्रदेशसभाबाट विश्वासको मत लिँदा आठ जना सांसद मतदान प्रक्रियामा सहभागी भएनन् ।

विश्वासको मत विभाजनमा ८३ सांसद सहभागी हुँदा ५७ जनाले कार्कीको पक्षमा, २२ जनाले विपक्षमा र ४ जनाले 'मत दिन्न' भन्ने पक्षमा मतदान गरे ।

मतदानमा सहभागी नहुनेमा प्रमुख विपक्षी दल नेपाली कांग्रेसका सात जना सांसद र जनता समाजवादी पार्टी (जसपा)की एक सांसद छन् ।

कांग्रेसबाट संसदीय दलका उपनेता हिमाल कार्की, सांसदहरू राम खत्री, भूमि राजवंशी, मोहन महर्जन, लखिकुमारी गणेश, शमशेर राई र डोल्मा तामाङ सहभागी भएनन्।

त्यस्तै, जसपाकी एक मात्र सांसद निर्मला लिम्बू पनि विश्वासको मत विभाजनमा सहभागी भइनन्।

कांग्रेसले मुख्यमन्त्री कार्की नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि उनले सोमबार प्रदेशसभामा विश्वासको मत लिएका हुन्। कार्कीको पक्षमा नेकपा (एमाले)का ४० र नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का १७ सांसदले मतदान गरेका थिए ।

मुख्यमन्त्री कार्कीले प्रदेशसभाबाट तेस्रो पटक विश्वासको मत लिएका हुन् ।

जाऔं अन्तिम पृष्ठ

**लाखौं** ....फार्म सञ्चालन, मल, औजार तथा मजदुरको खर्चमा वार्षिक करिब आठदेखि नौ लाख रुपैयाँ लाग्ने गरेको घलेले बताए । फार्ममा दुई जना स्थायी कर्मचारी छन्, जसले मासिक १६ हजार रुपैयाँ तलब पाउँछन् । दैनिक कामका लागि आठ-नौ जना मजदुरले प्रतिव्यक्ति ८०० रुपैयाँ ज्यालामा काम गर्ने गरेका छन् । फल टिप्ने र मल हाल्ने समयमा मजदुरको संख्या थपिने गरेको छ ।

ड्रागन फ्रुट खेतीका लागि पानी नजम्ने, खुला र अत्यधिक चिसो नहुने ठाउँ उपयुक्त हुने घलेको अनुभव छ । कहिलेकाहीं ढुसी तथा फंगसको समस्या देखिए पनि नियमित निगरानी र उचित व्यवस्थापन गर्न सके राम्रो उत्पादन लिन सकिने उनले बताए । गत वर्ष फङ्गसको समस्या देखिए पनि यस वर्ष त्यसको प्रभाव कम रहेकाले उत्पादन बढ्ने उनको अनुमान छ ।

घलेको कृषि यात्रा भने ड्रागन फ्रुटमा मात्र सीमित छैन । भारतीय सेनाबाट अवकाश लिएपछि आफ्नै जमिनमा कृषि व्यवसाय गर्ने सोचले सुरु गरेको खेती अहिले आम्दानीको प्रमुख स्रोत बनेको छ । ड्रागन फ्रुट खेतीमा योगदान पुऱ्याएबापत उनले विभिन्न संस्थाबाट उत्कृष्ट किसानका रूपमा एक दर्जनभन्दा बढी सम्मानसमेत पाइसकेका छन् ।

उनका अनुसार रामधुनी-७ मा मात्रै अहिले १० भन्दा बढी घरधुरीले ड्रागन फ्रुट खेती गर्न थालेका छन् । विशेषगरी विदेशबाट फर्किएका युवाहरू यस खेतीतर्फ आकर्षित भइरहेका छन् । बजार सुनिश्चित हुँदै गएपछि स्थानीयस्तरमै रोजगारी सिर्जना गर्ने सम्भावनासमेत बढेको उनको भनाइ छ ।

'अल्छी नगरी मेहनत गर्दा नेपालमै राम्रो आम्दानी गर्न सकिन्छ,'- घले भन्छन्, 'दैनिक विदेश पलायन भइरहेका युवाले आफ्नै देशमा व्यवसाय गर्न सक्छन् । अर्काको देशमा दुःख गर्नुपर्ने अवस्था आउँदैन ।'

उनका अनुसार ड्रागन फ्रुट खेती सुरु गरेपछि प्रारम्भिक चरणमा केही मेहनत र लगानी आवश्यक भए पनि बिरुवा रोपेको करिब एक वर्षदेखि नै उत्पादन लिन सकिन्छ । त्यसपछि नियमित हेरचाह र व्यवस्थापनबाट लामो समयसम्म आम्दानी लिन सकिने भएकाले छोटो समयमा कृषि व्यवसायबाट प्रतिफल खोज्नेका लागि यो खेती सम्भावनायुक्त विकल्प बन्न सक्छ ।

पूर्वसैनिक घलेको दुई बिघाको बगैंचा अहिले केवल फल उत्पादन गर्ने ठाउँ मात्र बनेको छैन, वैदेशिक रोजगारीबाट फर्किएका र कृषि व्यवसायमा सम्भावना खोजिरहेका युवाका लागि आफ्नै माटोमा आम्दानी गर्न सकिन्छ भन्ने उदाहरणसमेत बनेको छ । राससको सहयोगमा

**इटहरी**....उत्तरले मात्र बजेटको वास्तविक उपलब्धि देखाउँछ ।

इटहरीले आर्थिक वर्ष २०८२/०८३ को खर्चसम्बन्धी विवरण नियमित रूपमा सार्वजनिक गरेको छ । नगरपालिकाको वेबसाइटमै चौमासिक प्रगति प्रतिवेदनका साथै वार्षिक प्रगति प्रतिवेदन, लेखापरीक्षण, अनुगमन, सार्वजनिक सुनुवाइ र सामाजिक परीक्षणका छुट्टाछुट्टै व्यवस्था छन् ।

तर सार्वजनिक रूपमा उपलब्ध सामग्रीबाट उत्पादन तथा आयआर्जन कार्यक्रमले इटहरीको गरिबी दर कति प्रतिशत घटायो भन्ने निष्कर्ष निकाल्न सकिने स्पष्ट तथ्यांक भेटिँदैन ।

खर्चको उपलब्धि र परिणामको उपलब्धि फरक

स्थानीय तहका कार्यक्रमको मूल्यांकनमा एउटा समस्या बजेट खर्चलाई नै उपलब्धिको मुख्य आधार मानिनु हो । तर गरिबी न्यूनीकरणका कार्यक्रमका लागि खर्चभन्दा परिणाम महत्वपूर्ण हुन्छ ।

इटहरीले कुनै कार्यक्रमका लागि बजेट छुट्याएर खर्च गऱ्यो भने त्यो वित्तीय उपलब्धि हो । तर त्यसबाट विपन्न परिवारको आम्दानी बढ्यो, रोजगारी सिर्जना भयो र परिवार आर्थिक रूपमा आत्मनिर्भर बन्यो भने मात्र त्यसलाई गरिबी न्यूनीकरणको उपलब्धि मान्न सकिन्छ ।

त्यसैले नगरपालिकाले आगामी दिनमा कार्यक्रमगत बजेट, खर्च, लाभग्राही र परिणाम चारवटै तथ्य एकै ठाउँमा सार्वजनिक गर्नुपर्ने देखिन्छ ।

तथ्यांकले जवाफ खोज्दै

इटहरी उपमहानगरपालिकाको वेबसाइटमा २०८२/०८३ को बजेट र कार्यक्रमसँगै तीनवटै चौमासिक खर्च प्रतिवेदन उपलब्ध छन् । यसले बजेट कार्यान्वयनको वित्तीय पक्षबारे सार्वजनिक निगरानीको आधार दिएको छ ।

तर गरिबी न्यूनीकरणको प्रभाव मापन गर्न नगरपालिकाले थप तथ्यांक सार्वजनिक गर्नुपर्ने देखिन्छ । विशेषगरी उत्पादनमूलक कार्यक्रमबाट लाभान्वित परिवारको संख्या, स्वरोजगार बनेका व्यक्ति, सिर्जित रोजगारी, नयाँ उद्यम, उत्पादनमा भएको वृद्धि र लाभग्राहीको आयमा आएको परिवर्तन सार्वजनिक भए मात्र कार्यक्रमको वास्तविक सफलता मापन गर्न सकिन्छ ।

इटहरीले 'उत्पादन र आयआर्जनमार्फत गरिबी न्यूनीकरण' लाई बजेटको प्राथमिकतामा राखेको तथ्यमा विवाद छैन । बजेट र कार्यक्रम सार्वजनिक छन्, त्यसको खर्च तथा चौमासिक प्रगति विवरण पनि सार्वजनिक गरिएको छ ।

तर अब मूल्यांकनको मूल प्रश्न बजेट कति थियो र खर्च कति भयो भन्नेभन्दा अगाडि बढेको छ - त्यसबाट नागरिकको आम्दानी कति बढ्यो ?

यही प्रश्नको तथ्यगत उत्तर सार्वजनिक नभएसम्म इटहरीको २०८२/०८३ को उत्पादन र आयआर्जनमार्फत गरिबी न्यूनीकरण अभियानलाई पूर्ण सफल वा असफल भन्न सकिने अवस्था देखिँदैन । नगरपालिकाले खर्चसँगै परिणामको तथ्यांक सार्वजनिक गरेमा बजेटको वास्तविक प्रभाव नागरिकसामु अझ स्पष्ट हुने देखिन्छ ।

**नगदेबाली**...बजारदेखि काठमाडौंसम्म यसको माग छ । २०८१ मा प्रकाशित विवरणअनुसार भोजपुरमा उत्पादित अकबरे काठमाडौंसम्म पुग्न थालेको थियो र किसानले प्रतिकिलो २५० देखि ३०० रुपैयाँसम्म पाउने गरेको बताएका थिए ।

अकबरेसँगै अलैंची पनि भोजपुरको महत्वपूर्ण नगदेबाली हो । जिल्लाका दोभाने, खावा, ओखे, तिम्मा, श्यामशिला, षडानन्द, कोट, सिद्धेश्वर, चम्पे, बोखिम, भैंसीपंखा, भोजपुर, बोया, गोगने, खार्ताम्छा, कुदाककाउलेलगायत क्षेत्रमा अलैंची खेती हुँदै आएको छ । पछिल्लो समय मूल्यमा सुधार आएपछि किसान फेरि अलैंचीतर्फ आकर्षित हुन थालेका छन् । हालैको विवरणअनुसार भोजपुरमा करिब ५९७ हेक्टरमा अलैंची उत्पादन भइरहेको र टेम्केमैयुङ(५ मा मात्रै करिब १५० किसान व्यावसायिक अलैंची खेतीमा आबद्ध भएको उल्लेख छ ।

कोशी प्रदेश कृषि विकास निर्देशनालयको तथ्यांकले पनि भोजपुरमा अलैंचीको व्यावसायिक उपस्थितिलाई पुष्टि गर्छ । उपलब्ध तथ्यांकअनुसार भोजपुरमा ७०८ हेक्टर क्षेत्रमा अलैंची लगाइएको र ६१२ हेक्टर उत्पादनशील क्षेत्रबाट २४४.८ मेट्रिक टन उत्पादन भएको देखिन्छ ।

तर अलैंचीको कथा पूर्ण रूपमा उत्साहजनक भने छैन । रोग, उत्पादनमा उतारचढाव र बजार मूल्यको अनिश्चितताले किसानलाई जोखिममा राखेको छ । अलैंची बगानमा छिर्केफुर्के, जरा तथा पाना कुहिने र डढुवाजस्ता रोग देखिँदा उत्पादन घट्ने गरेको कृषि क्षेत्रका रिपोर्टमा उल्लेख छ ।

फलफूलतर्फ पनि भोजपुरको कृषि रूपान्तरण तीव्र छ । सुन्तला यसको स्थापित नगदे फलफूल हो । कोशी प्रदेशको कृषि तथ्यांकअनुसार भोजपुरमा ९५० हेक्टर क्षेत्रमा सुन्तला लगाइएको छ । त्यसमध्ये ७९१ हेक्टर उत्पादनशील क्षेत्रबाट ६ हजार ७२३.५ मेट्रिक टन उत्पादन भएको तथ्यांक छ ।

त्यस्तै किवी, एभोकाडो र ड्रागनफ्रुटजस्ता नयाँ फलफूलमा पनि किसानको चासो बढेको छ । अरुण गाउँपालिका-६ जरायोटारका किसानले व्यावसायिक एभोकाडो खेती सुरु गरेका छन् । त्यहाँका एक किसानको फार्ममा एक हजारभन्दा बढी एभोकाडोका बिरुवा रहेको र उत्पादनपछि वार्षिक लाखौं रुपैयाँ आम्दानी गर्ने लक्ष्य राखिएको विवरण सार्वजनिक भएको छ ।

तरकारीतर्फ पनि भोजपुरमा 'बजारका लागि उत्पादन'को अभ्यास बढ्दै गएको छ । यही परिवर्तनलाई पछिल्लो पटक टेम्केमैयुङ गाउँपालिकाले अघि सारेको रायो र मूलाको कार्यक्रमले स्पष्ट पार्छ । गाउँपालिकाले किसानलाई उन्नत बीउ उपलब्ध गराउनुका साथै उत्पादनअघि नै खरिदकर्तासँग सम्झौता गरेको छ ।

यहाँबाट पूरा समाचार वेवसाइटमा

## पाठकको पूर्पुरो

ज्योतिष
आशिष नेपाल

मेष : काममा नयाँ अवसर मिल्नेछ र आर्थिक पक्ष क्रमशः बलियो बन्नेछ । परिवारबाट राम्रो सहयोग पाइनेछ, प्रेम सम्बन्धमा आत्मीयता बढ्नेछ ।

वृष : अधुरा काम पूरा गर्न अनुकूल समय रहनेछ र मेहनतको राम्रो परिणाम प्राप्त हुनेछ । व्यापारमा लाभ बढ्नेछ, तर अनावश्यक खर्च नियन्त्रण गर्नुहोला ।

मिथुन : नयाँ योजना सुरू गर्न समय अनुकूल देखिन्छ र साथीभाइबाट सहयोग मिल्नेछ । यात्राका क्रममा महत्वपूर्ण भेटघाट हुनसक्छ, स्वास्थ्यमा सामान्य सुधार आउनेछ ।

कर्कट : परिवारसँगको सम्बन्ध अझ मधुर बन्नेछ र रोकिएका कामले गति लिनेछन् । आर्थिक लाभको सम्भावना रहे पनि निर्णय गर्दा हतार नगर्नु राम्रो हुनेछ ।

सिंह : आत्मविश्वास बढ्नेछ र कार्यक्षेत्रमा तपाईंको क्षमता प्रशंसा हुनेछ । नयाँ जिम्मेवारी प्राप्त हुनसक्छ, प्रेम तथा पारिवारिक सम्बन्धमा सुखद वातावरण बन्नेछ ।

कन्या : मेहनतअनुसार उपलब्धि प्राप्त हुने समय छ र आर्थिक स्थिति सुधारिनेछ । अध्ययन तथा पेशागत क्षेत्रमा नयाँ अवसर आउनसक्छ, स्वास्थ्यप्रति ध्यान दिनुहोला ।

तुला : नयाँ मानिससँगको भेटघाटले भविष्यका लागि उपयोगी अवसर दिलाउन सक्छ । काममा सफलता मिल्नेछ, तर पारिवारिक विषयमा संयमित भएर कुराकानी गर्नु राम्रो हुनेछ ।

वृश्चिक : पुराना समस्या समाधान हुनेछन् र रोकिएको आर्थिक काम अघि बढ्नेछ । व्यवसायमा नयाँ सम्भावना देखिनेछ, प्रेम सम्बन्धमा विश्वास र समझदारी बढ्नेछ ।

धनु : यस साता आत्मविश्वास र सकारात्मक सोचले महत्वपूर्ण सफलता दिलाउनेछ । कामको बोझ बढे पनि राम्रो परिणाम आउनेछ, यात्राको अवसरसमेत बन्न सक्छ ।

मकर : कार्यक्षेत्रमा जिम्मेवारी बढ्नेछ र तपाईंको मेहनतको उचित मूल्यांकन हुनेछ । आर्थिक लाभ प्राप्त हुने संकेत छन्, पारिवारिक वातावरण भने सामान्य सुखद रहनेछ ।

कुम्भ : नयाँ विचारलाई व्यवहारमा उतार्न अनुकूल समय रहनेछ र सहयोगी व्यक्तिहरु भेटिनेछन् । आम्दानी बढ्ने सम्भावना छ, तर खर्च व्यवस्थापनमा विशेष ध्यान दिनुहोला ।

मीन : मनमा रहेका केही तनाव कम हुनेछन् र महत्वपूर्ण काममा सफलता मिल्नेछ । परिवारको साथ पाइनेछ, प्रेम तथा सामाजिक सम्बन्धमा आत्मीयता अझ बढ्नेछ ।




## साताको चर्चित समाचार

# बालेनको मुस्ताङ यात्रादेखि बालिका गरिमा हत्यासम्म

काठमाडौं । पछिल्लो एक साता नेपाली जनजीवन र सामाजिक सञ्जालमा दुई विषयले सबैभन्दा बढी ध्यान ताने । पहिलो, प्रधानमन्त्री बालेन्द्र शाहको निजी तथा पारिवारिक मुस्ताङ भ्रमण र त्यससँग जोडिएको गोपनीयता, सुरक्षा तथा प्रधानमन्त्रीको सार्वजनिक जवाफदेहिताको प्रश्न । दोस्रो, बाराको जितपुरसिमराकी तीन वर्षीया बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या । एउटा घटनाले प्रधानमन्त्रीको कार्यशैली र सार्वजनिक पदको मर्यादामाथि बहस जन्मायो भने अर्कोले मुलुकमा बालिका सुरक्षाको भयावह अवस्था र विद्यमान कानुनको प्रभावकारितामाथि प्रश्न उठायो ।

मुस्ताङमा बालेन, सामाजिक सञ्जालदेखि संसद्सम्म बहस

प्रधानमन्त्री बनेपछि पहिलोपटक निजी भ्रमणमा निस्किएका बालेन्द्र शाह शुक्रबार काठमाडौं हुँदै पोखरा पुगेका थिए । त्यसपछि सडकमार्गबाट मुस्ताङ पुगेका उनले शनिबार साँझ मुक्तिनाथ मन्दिरमा दर्शन गरेका थिए । उनी मुस्ताङको जोमसोमस्थित होटल ओम्स होममा बसेर आइतबार पोखरा फर्किएका थिए ।

भ्रमणलाई प्रधानमन्त्रीको सचिवालयले निजी तथा पारिवारिक भ्रमण भने पनि यही विषय नै बहसको मुख्य कारण बन्यो । प्रधानमन्त्री देशको सर्वोच्च कार्यकारी पदमा रहेका व्यक्ति भएकाले उनको निजी भ्रमण कति निजी रहन सक्छ भन्ने प्रश्न उठ्यो । विशेषगरी जिल्ला प्रशासन र सुरक्षा संयन्त्रलाई पर्याप्त जानकारी नदिइएको भनिएपछि प्रधानमन्त्रीको सुरक्षा व्यवस्थापन र राज्यको प्रोटोकलबारे प्रश्न उठेको हो । कास्की, बागलुङ, म्याग्दी र मुस्ताङका प्रमुख जिल्ला अधिकारीहरूले भ्रमणबारे आफूहरूसँग पर्याप्त समन्वय नभएको बताएका थिए ।

बालेन आफैं गाडी चलाएर मुस्ताङ पुगेको दृश्यले भने सामाजिक सञ्जालमा अर्को किसिमको चर्चा पायो । सरकारी तामझाम र ठूलो सुरक्षा घेरा नलिई सामान्य शैलीमा यात्रा गरेको भन्दै कतिपयले उनको प्रशंसा गरे । कांग्रेस सांसद अर्जुननरसिंह केसीले समेत मुस्ताङ यात्रामा देखाएको सादगीलाई सकारात्मक भन्दै त्यही शैली संसद् र शासन सञ्चालनमा पनि देखाउनुपर्ने टिप्पणी गरे ।

तर आलोचनाको अर्को पाटो पनि त्यत्तिकै बलियो रह्यो । जोमसोममा प्रधानमन्त्रीलाई स्वागत गर्न खादा लिएर बसेका स्थानीय महिला समूहले भेट्न नपाएको विषय सार्वजनिक भयो । निजी भ्रमण भए पनि प्रधानमन्त्रीलाई भेटेर आफ्ना कुरा राख्न खोजेका स्थानीयले अवसर नपाएको गुनासो गरे । भ्रमणका क्रममा फोटो तथा भिडियो खिच्न रोक लगाइएको विषयसमेत चर्चामा आयो ।

यसले एउटा महत्वपूर्ण प्रश्न जन्माएको छ-प्रधानमन्त्रीको निजी जीवन र सार्वजनिक दायित्वको सीमा कहाँसम्म हुन्छ ? निजी भ्रमणमा पनि राज्यको सुरक्षा संयन्त्र परिचालन हुन्छ भने त्यसको पारदर्शिता र समन्वय कसरी गर्ने ? प्रधानमन्त्रीको यात्रालाई लिएर उठेका यी प्रश्न तत्कालको राजनीतिक विवादभन्दा पनि भविष्यमा सार्वजनिक पदाधिकारीको निजी भ्रमण व्यवस्थापनका लागि नजिर बन्न सक्ने विषय हुन् ।

तीन वर्षीया गरिमाको हत्या, देशभर आक्रोश

यसै साता देशलाई स्तब्ध बनाउने अर्को घटना बाराको जितपुरसिमरा उपमहानगरपालिका-१ मा भयो । तीन वर्षीया गरिमा चौधरी बेपत्ता भएको दुई दिनपछि खाली घरमा मृत अवस्थामा भेटिइन् । प्रहरी अनुसन्धानमा उनलाई बलात्कारपछि हत्या गरिएको खुलेपछि घटनाले देशभर आक्रोश सिर्जना गऱ्यो ।

प्रहरीका अनुसार घटनामा १६ वर्षीय किशोर पक्राउ परेका छन् । प्रारम्भिक अनुसन्धानमा उनले बालिकालाई चकलेट दिएर फकाई लगेको र बलात्कारपछि हत्या गरेको स्वीकार गरेको बताइएको छ । घटनामा बालिकासँग पूर्वचिनजान भएका अन्य व्यक्तिसमेत अनुसन्धानको दायरामा ल्याइएको छ ।

घटनाको भयावह पक्ष यहीँ सकिँदैन । तीन वर्षीया बालिकाको बलात्कार र हत्यापछि देशभर सडक प्रदर्शन भए । सामाजिक सञ्जालमा दोषीलाई कडा कारबाही गर्नुपर्ने माग उठ्यो । मृतकका परिवार र सरकारबीच सहमति भयो । संसद्मा समेत सांसदहरूले बलात्कार तथा बलात्कारपछि हुने हत्यामा विद्यमान कानुन पर्याप्त नभएको भन्दै कानुन संशोधनको माग गरे ।

तथ्यांकले देखाएको अर्को डरलाग्दो तस्वीर

गरिमा हत्या प्रकरण एउटा छुट्टै आपराधिक घटना मात्र होइन । यसले नेपालमा बालिका तथा किशोरीमाथि हुने यौन हिंसाको गम्भीर अवस्था उजागर गरेको छ ।

प्रहरीको पछिल्लो पाँच आर्थिक वर्षको तथ्यांकअनुसार १० वर्षमुनिका बालिका मात्रै प्रत्येक वर्ष औसतमा करिब २५० जना बलात्कारको सिकार भएका छन् । आर्थिक वर्ष २०८२/८३ मा १० वर्षमुनिका २२१ बालिका बलात्कृत भएको प्रहरी तथ्यांक छ । त्यही आर्थिक वर्षमा १८ वर्षमुनिका बालिका तथा किशोरी बलात्कार पीडितको संख्या १ हजार ५१० रहेको उल्लेख छ ।

अझ चिन्ताजनक कुरा, यस्ता घटनामा धेरैजसो पीडक पीडितले चिनेका व्यक्ति हुने गरेको प्रहरी अनुसन्धानले देखाउँछ । घर वरपर खेल्ने, आफन्त वा चिनेजानेका मानिससँग सम्पर्कमा रहने बालबालिका त्यही विश्वासको दुरुपयोगबाट जोखिममा पर्ने गरेका छन् । गरिमा प्रकरणमा पनि पीडकसँग पूर्वचिनजान रहेको प्रहरीको भनाइले अभिभावकीय निगरानी र बाल सुरक्षा शिक्षाको आवश्यकता थप स्पष्ट बनाएको छ ।

**कानुनमाथि उठ्यो प्रश्न**

गरिमा हत्या प्रकरणपछि ...मृत्युदण्डको कानुन चाहिन्छ भन्ने आवाज पनि बलियो भएको छ । सडकदेखि संसद्सम्म दोषीलाई कडा सजाय दिनुपर्ने माग उठेको छ । सरकारले पनि जघन्य अपराधमा विद्यमान कसुर र सजायको व्यवस्था पुनरावलोकन गरी कानुन संशोधनका लागि सुझाव दिन समिति बनाउने सहमति गरेको छ ।

तर सजाय बढाउनु मात्र समाधान हो कि अपराध हुनै नदिने सामाजिक र संस्थागत प्रणाली बलियो बनाउनु पनि उत्तिकै आवश्यक हो भन्ने बहस सुरु भएको छ । बालिका हराएपछि तत्काल खोजी गर्ने संयन्त्र, विद्यालय र समुदायमा सुरक्षा शिक्षा, डिजिटल सामग्रीको दुरुपयोग नियन्त्रण, परिवारको निगरानी र अपराध अनुसन्धानलाई प्रभावकारी बनाउने विषय पनि उत्तिकै महत्वपूर्ण छन् ।

**भोको मानिसलाई ज्ञान र शास्त्रको अर्थ छैन। त्यस्ता मानिसको कल्याण गर्ने हो भने ज्ञान, शिक्षा र प्रवचन दिनतिरभन्दा खाना दिनतिर ध्यान दिनुपर्छ। गौतम बुद्ध**

युवा जागरण मिडिया प्रा.लि. द्वारा प्रकाशित
राष्ट्रिय युवा जागरण साप्ताहिक
राष्ट्र, राष्ट्रियता र लोकतन्त्रप्रति प्रतिबद्ध

प्रधान सम्पादक : खगेन्द्र कार्की
डेक्स प्रमुख : सुप्रिया राई, संवाददाता सृजना कार्की
कानुनी सल्लाहकार : केदार कार्की (अधिवक्ता/कानुन व्यवसायी)
साजसज्जा : राष्ट्रिय युवा जागरण डेक्सटप
कार्यालय : विराटनगर, बरगाछी मोरङ,
मुद्रण: सामुदायिक अफसेट प्रेस, इटहरी
सम्पर्क : मोबाइल नं. ९८६२१४४९७५,
इटहरी कार्यालय : इटहरी-८, सुनसरी
फोन नं. ०२५-५८८६३२, मोबाइल नं. ९८६२१४४९७५
इमेल : yuvajagaranmedia@gmail.com
Website: fastmedianepal.com
Facebook : Rastriya yuva Jagaran Online Patrika

## सम्पादकीय

# सुशासन अभियानमा अदालतको अंकुश ?

भ्रष्टाचार नियन्त्रण र सुशासन कुनै सरकारको राजनीतिक नारा मात्र होइन, राज्यको आधारभूत दायित्व हो । सार्वजनिक पदमा बसेकाको सम्पत्ति छानबिन गर्ने, गैरकानुनी सम्पत्तिमाथि अनुसन्धान गर्ने र दोषी देखिए कारबाही अघि बढाउने अधिकार राज्यका सम्बन्धित निकायले प्रयोग गर्नैपर्छ । तर त्यस्तो अभियान अघि बढाउने क्रममा सरकारी तथा संवैधानिक निकायका निर्णय अदालतमा चुनौती पर्ने क्रम बढेपछि सुशासन र न्यायिक हस्तक्षेपबीचको सीमाबारे गम्भीर बहस आवश्यक भएको छ ।

सम्पत्ति छानबिन आयोगविरुद्ध परेका रिट संवैधानिक इजलासमा पुग्नु यसको पछिल्लो उदाहरण हो । आयोगको गठन, अधिकार र कार्यक्षेत्रसँग जोडिएका संवैधानिक प्रश्न भएकाले त्यसको न्यायिक परीक्षण हुनु स्वाभाविक हो । संविधानले गम्भीर संवैधानिक प्रश्नमा संवैधानिक इजलासलाई अधिकार दिएको पनि छ । तर एउटा न्यायिक इजलासले प्रक्रिया अघि बढाइसकेपछि प्रशासनिक टिप्पणीका आधारमा मुद्दाको दिशा परिवर्तन गरिएको हो भने त्यसको प्रक्रियागत औचित्यबारे स्पष्टता आवश्यक हुन्छ । न्यायिक अधिकारको प्रयोग पनि पारदर्शी र विधिसम्मत हुनुपर्छ ।

अदालतले सरकारका कामको कानुनी परीक्षण गर्नु न्यायिक दायित्व हो । भ्रष्टाचार नियन्त्रणको नाममा सरकारले कानुन मिच्न पाउँदैन । तर अर्कोतर्फ कानुनी आधारसहित भइरहेको अनुसन्धानलाई पटक-पटक प्रक्रियागत आदेशबाट अवरुद्ध गरिँदा त्यसको असर सुशासनमा पर्न सक्छ । गम्भीर आरोपमा अनुसन्धान भइरहेका व्यक्तिहरु अदालतको आदेशबाट हिरासतबाट मुक्त हुने घटनाले पनि अनुसन्धान र अभियोजन प्रणालीको प्रभावकारितामाथि प्रश्न उठाउने अवस्था सिर्जना गर्छ । यसको अर्थ अदालतले कसैको व्यक्तिगत स्वतन्त्रता संरक्षण गर्नु हुँदैन भन्ने होइन । पर्याप्त आधारबिना कसैलाई थुनामा राख्नु आफैंमा अन्याय हो । तर अनुसन्धानलाई निष्कर्षमा पुग्न नदिने अवस्था पनि न्यायको उद्देश्य हुन सक्दैन । सम्पत्ति छानबिन आयोगको विवादमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायत विद्यमान संवैधानिक निकायसँग अधिकार क्षेत्र दोहोरिन्छ कि दोहोरिँदैन भन्ने प्रश्न पनि महत्वपूर्ण छ । राज्यका दुई निकायबीच अधिकारको अस्पष्टता रहे भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुनुको सट्टा झन् जटिल बन्न सक्छ । त्यसैले सरकारले नयाँ संयन्त्र गठन गर्दा संविधान र विद्यमान कानुनको पर्याप्त अध्ययन गर्नुपर्छ । कानुनी आधार कमजोर बनाएर संरचना खडा गर्ने अनि अदालतले प्रश्न उठाउँदा त्यसलाई सुशासनविरोधी कदम भन्नु पनि उचित हुँदैन ।


अर्कोतर्फ अदालतले पनि आफ्नो प्रक्रियाप्रति विश्वास कायम गर्नुपर्छ । प्रधानन्यायाधीशलाई संविधानले दिएको अधिकारको प्रयोग गर्दा त्यसको प्रक्रिया, औचित्य र सीमा स्पष्ट देखिनुपर्छ । एउटा इजलासबाट अघि बढेको विषय अर्को प्रक्रियाबाट कसरी परिवर्तन हुन सक्छ भन्नेबारे स्पष्ट न्यायिक नजिर आवश्यक छ । यसले भविष्यमा यस्ता विवाद दोहोरिन नदिने आधार तयार गर्नेछ ।

सुशासनको वास्तविक परीक्षा भाषण र पक्राउको संख्यामा होइन, निष्पक्ष परिणाममा हुन्छ । भ्रष्टाचारको आरोप लागेका व्यक्तिमाथि स्वतन्त्र र प्रमाणमा आधारित अनुसन्धान हुनुपर्छ । दोषी भए कानुनअनुसार सजाय हुनुपर्छ र निर्दोष भए सम्मानपूर्वक मुक्त हुनुपर्छ । सरकारको दबाबमा कसैलाई दोषी ठहर गर्न मिल्दैन, त्यस्तै पहुँच र प्रभावका कारण अनुसन्धान रोक्न पनि मिल्दैन । त्यसैले अहिले सरकार, अनुसन्धान निकाय र अदालतबीच द्वन्द्व होइन, संवैधानिक सीमाभित्रको सहकार्य आवश्यक छ । सरकारलाई भ्रष्टाचारविरुद्ध कारबाही गर्ने अधिकारसँगै त्यसको कानुनी आधार बलियो बनाउने जिम्मेवारी छ । संवैधानिक निकाय स्वतन्त्र हुनुपर्छ । अदालतले कानुनको परीक्षण निष्पक्ष ढंगले गर्नुपर्छ ।

सम्पत्ति छानबिन आयोगसम्बन्धी विवादको फैसला एउटा आयोगको भविष्यमा मात्र सीमित रहने छैन । यसले सुशासन अभियानको संवैधानिक सीमा, संवैधानिक निकायबीचको अधिकार क्षेत्र र प्रधानन्यायाधीशको प्रशासनिक अधिकार प्रयोगको सीमासमेत स्पष्ट गर्नेछ । अदालत सुशासनको अवरोध होइन, संविधानको संरक्षक हो । सरकार पनि अदालतको प्रतिस्पर्धी होइन । दुवैको अन्तिम दायित्व संविधान र नागरिकप्रतिको जवाफदेहिता हो । त्यसैले सुशासनका नाममा कार्यकारी मनपरी पनि नहोस् र न्यायिक अधिकारका नाममा वैध अनुसन्धान पनि अवरुद्ध नहोस् । लोकतान्त्रिक शासनका लागि आवश्यक कुरा अंकुश होइन–संवैधानिक सन्तुलन र विधिको शासन हो ।

# किन बढ्दैछन् नेपालमा बलात्कार र हत्याका घटना ?

**निर्मला पन्तदेखि तीन वर्षीया गरिमासम्म ः तथ्यांकले देखाएको भयावह तस्वीर, अपराधको जरा भने अझै उस्तै**



◆ खगेन्द्र कार्की

भदौ लागेयता नेपालमा एकपछि अर्को बलात्कार, यौन हिंसा र हत्याका घटना सार्वजनिक भइरहेका छन् । कतै सानी बालिका बलात्कारपछि मारिएका छन्, कतै आफ्नै परिवार वा आफन्तबाट यौन हिंसा भएको आरोप लागेको छ भने कतै सौतेनी सम्बन्धमा रहेका बालबालिकामाथि हिंसा भएका घटना बाहिर आएका छन् । पछिल्लो गम्भीर उदाहरण बनेको छ(बाराको जीतपुरसिमरा उपमहानगरपालिका(१ की तीन वर्षीया गरिमा चौधरीको बलात्कारपछि हत्या ।

गरिमा प्रकरणमा प्रहरीले हालसम्म नौ जनालाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको छ । अनुसन्धान अपहरण तथा शरीर बन्धक, जबरजस्ती करणी र कर्तव्य ज्यानसम्बन्धी कसुरका कोणबाट अघि बढाइएको छ । घटनामा पक्राउ परेका एक किशोरको बयानको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएपछि अनुसन्धानको गोपनीयता र बाल न्यायसम्बन्धी प्रक्रियामाथि समेत प्रश्न उठेको छ । भिडियो बाहिर ल्याएको आरोपमा एक प्रहरी कर्मचारीसमेत पक्राउ परेर अनुसन्धानमा तानिएका छन् ।

गरिमा घटना एउटा प्रतिनिधि घटना मात्र हो । पछिल्ला वर्षका प्रहरी तथ्यांक हेर्दा नेपालमा बलात्कारका घटना निरन्तर उच्च दरमा रहेको देखिन्छ । आर्थिक वर्ष २०८२/८३ मा देशभर २ हजार ३८० वटा बलात्कारका घटना प्रहरीमा दर्ता भएका छन् । अघिल्लो आर्थिक वर्षमा यस्तो संख्या २ हजार २५३ थियो । अर्थात् एक वर्षमै दर्ता भएका घटना फेरि बढेका छन् ।

तर यो तथ्यांकले देखाउने अर्को पक्ष अझ भयावह छ(पीडितमध्ये ठूलो हिस्सा बालिका छन् । पछिल्लो पाँच वर्षमा १२ हजारभन्दा बढी बलात्कारका घटना प्रहरीमा दर्ता भएका छन् । उपलब्ध प्रहरी तथ्यांकअनुसार १२ हजार ६४३ पीडितमध्ये ७ हजार ५६४ जना बालिका छन् । यसको अर्थ बलात्कारको जोखिममा सबैभन्दा बढी बालिका र किशोरी परिरहेका छन् ।

आर्थिक वर्ष २०८२/८३ मा मात्रै १८ वर्षमुनिका १ हजार ५१० बालिका बलात्कारको सिकार भएको तथ्यांक सार्वजनिक भएको छ । त्यसमध्ये १० वर्षमुनिका बालिकाको संख्या २२१ छ । अझ चिन्ताजनक पक्ष के हो भने पछिल्ला वर्षहरूमा १० वर्षमुनिका बालिकामाथि हुने बलात्कारका घटना प्रत्येक वर्ष दुई सयभन्दा माथि रहँदै आएका छन् । यसको अर्थ नेपालमा प्रत्येक वर्ष सयौँ साना बालिका यौन हिंसाको सिकार भइरहेका छन् ।

यहाँ प्रश्न केवल अपराधी को हो भन्ने होइन । प्रश्न यो पनि हो(यति धेरै बालिका किन असुरक्षित भइरहेका छन्? अपराध हुनुअघि परिवार, विद्यालय, समुदाय, स्थानीय सरकार, प्रदेश सरकार र सुरक्षा संयन्त्र कहाँ छन्?

**निर्मला पन्त ः सात वर्षपछि पनि उस्तै प्रश्न**

नेपालमा बलात्कारपछि हत्या र अनुसन्धानको कमजोरीको प्रतीक बनेको घटना हो(निर्मला पन्त प्रकरण । २०७५ साउनमा कञ्चनपुरकी १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या भएको अवस्थामा शव उखुबारीमा भेटिएको थियो । घटनापछि देशभर आन्दोलन भयो । उच्चस्तरीय छानबिन समितिले प्रारम्भिक प्रहरी अनुसन्धानमा गम्भीर कमजोरी औँल्यायो ।

वर्षौं बितिसक्दा पनि घटनाको वास्तविक दोषी पहिचान र कानुनी कारबाहीको प्रश्न पूर्ण रूपमा टुंगिएको छैन । निर्मला पन्तको नाम त्यसैले नेपालमा यौन हिंसाविरुद्ध न्यायको प्रतीकजस्तै बनेको छ ।

निर्मला प्रकरणले एउटा गम्भीर प्रश्न छोडेको छ(अपराध भएपछि अनुसन्धान हुन्छ, तर अपराध हुनुअघि रोकथाम कहाँ छ ?

अपराधी पक्राउ गर्नु राज्यको न्यूनतम दायित्व हो । तर एउटा बालिका सुरक्षित रहनु राज्यको ठूलो सफलता हो । घटना भइसकेपछि प्रहरी, अदालत र सरकार सक्रिय हुनु आवश्यक छ, तर त्योभन्दा प्रभावकारी राज्य त्यही हो जसले जोखिम पहिचान गरेर अपराध हुनै दिँदैन ।

**अपराधी अपरिचित मात्रै हुँदैन**

यौन हिंसाका घटनाबारे रहेको अर्को भ्रम हो( अपराधी बाहिरबाट आउँछ । तथ्यांकले भने त्यसलाई चुनौती दिन्छ । नेपाल प्रहरीको लैंगिक हिंसासम्बन्धी तथ्यपत्रमा यौनजन्य हिंसामा संलग्न अभियुक्तमध्ये ८२.८९ प्रतिशत चिनजानका व्यक्ति रहेको उल्लेख छ । पीडितमध्ये ६३.७६ प्रतिशत बालिका थिए ।

यसले घर, आफन्त, छिमेक, विद्यालय वा चिनजानको घेराभित्रै बालबालिका असुरक्षित हुन सक्ने देखाउँछ । त्यसैले सडकमा प्रहरीको उपस्थिति बढाएर मात्रै यौन हिंसा रोकिँदैन ।

बालबालिकालाई सुरक्षित र असुरक्षित स्पर्शबारे जानकारी दिने, उनीहरूको व्यवहारमा आएको असामान्य परिवर्तन बुझ्ने, विद्यालयमा बाल सुरक्षा संयन्त्र बनाउने र परिवार तथा समुदायलाई सचेत बनाउने काम पनि उत्तिकै आवश्यक छ ।

**घरभित्रको हिंसा किन लुक्छ?**

प्रहरीमा दर्ता भएका घटना नै सम्पूर्ण वास्तविकता होइनन् । सामाजिक प्रतिष्ठा, परिवारको दबाब, आर्थिक निर्भरता, डर, धम्की, पीडितलाई नै दोष दिने प्रवृत्ति र सामाजिक बहिष्कारको भयका कारण कतिपय घटना प्रहरीसम्म पुग्दैनन् ।

त्यसैले प्रहरीको तथ्यांकलाई समस्याको न्यूनतम तस्वीरका रूपमा बुझ्नुपर्छ । वास्तविक घटना संख्या अझ बढी हुन सक्ने सम्भावना रहन्छ ।

यही कारण ‘उजुरी बढ्यो, त्यसैले अपराध बढ्यो’ भनेर मात्र पन्छिनु पनि उचित हुँदैन । चेतना बढेर उजुरी गर्ने क्रम बढेको हुन सक्छ । पहिले लुकाइएका घटना अहिले प्रहरीसम्म पुगेका हुन सक्छन् । तर पछिल्ला वर्षमा बलात्कारका घटना लगातार दुई हजारभन्दा माथि रहनुले समस्या सामान्य उतारचढावभन्दा गम्भीर रहेको देखाउँछ ।

**दण्डहीनताले अपराधलाई बल दिन्छ**

अपराध नियन्त्रणमा अनुसन्धान र सजायको निश्चितता महत्वपूर्ण हुन्छ । अपराध गरेपछि पक्राउ परिन्छ, प्रमाणका आधारमा मुद्दा चल्छ र दोषीले सजाय पाउँछ भन्ने विश्वास राज्यले स्थापित गर्न सक्नुपर्छ ।

निर्मला पन्तजस्ता घटनामा अनुसन्धान लामो समयसम्म निष्कर्षमा नपुग्दा राज्यको अनुसन्धान क्षमतामाथि प्रश्न उठ्छ । अपराधीले ‘पत्ता लाग्दैन’ वा ‘उन्मुक्ति पाइन्छ’ भन्ने धारणा बनाउने अवस्था सिर्जना भयो भने त्यसले अपराध नियन्त्रणलाई कमजोर पार्छ ।

त्यसैले बलात्कारविरुद्धको नीति घटना भएपछि पक्राउ गर्नेमा मात्र सीमित हुनु हुँदैन । वैज्ञानिक अनुसन्धान, घटनास्थलबाट प्रमाणको तत्काल संरक्षण, पीडित तथा साक्षीको सुरक्षा र समयमै न्याय सुनिश्चित गर्नु राज्यको प्राथमिकता बन्नुपर्छ ।

**सामाजिक सञ्जालले थपेको नयाँ जोखिम**

डिजिटल प्रविधिले यौन हिंसाको स्वरूप पनि परिवर्तन गरिरहेको छ । प्रेमसम्बन्ध, ब्ल्याकमेलिङ, निजी तस्वीर तथा भिडियोको दुरुपयोग, अनलाइनमार्फत बालबालिकालाई फकाउने र भेट्न बोलाउनेजस्ता जोखिम बढिरहेका छन् ।

अझ घटनापछि सामाजिक सञ्जालमा पीडितको पहिचान, आरोपीको बयान वा अनुसन्धानसँग सम्बन्धित संवेदनशील सामग्री सार्वजनिक गर्ने प्रवृत्तिले समस्या थप जटिल बनाएको छ ।

गरिमा चौधरी प्रकरणमा पक्राउ परेका किशोरको बयानको भिडियो सार्वजनिक हुनु यसको पछिल्लो उदाहरण हो । अनुसन्धान प्रक्रियाबाटै संवेदनशील सामग्री बाहिरिनु राज्य संयन्त्रभित्र गोपनीयता संरक्षणको प्रश्नसँग जोडिन्छ ।

पीडितको सम्मान र अनुसन्धानको निष्पक्षता दुवैका लागि यस्ता सामग्री सार्वजनिक गर्ने प्रवृत्ति रोक्न आवश्यक छ ।

**हत्या पनि गम्भीर चुनौती**

बलात्कारसँगै ज्यानसम्बन्धी अपराध पनि चिन्ताको विषय हो । आर्थिक वर्ष २०८२/८३ मा कर्तव्य ज्यानका ५०६ घटना दर्ता भएका छन् । अघिल्लो वर्ष यस्तो संख्या ५२० र आर्थिक वर्ष २०८०/८१ मा ५७६ थियो । हत्या घट्दो क्रममा देखिए पनि वर्षमा पाँच सयभन्दा बढी घटना हुनु आफैंमा गम्भीर अवस्था हो ।

बलात्कारपछि हुने हत्या संख्या तुलनात्मक रूपमा कम भए पनि त्यसको सामाजिक प्रभाव अत्यन्त ठूलो हुन्छ । निर्मला पन्तदेखि गरिमासम्मका घटनाले यौन हिंसा र ज्यानसम्बन्धी अपराधबीचको भयावह सम्बन्ध देखाएका छन् ।

**समाधान कहाँबाट सुरू गर्ने?**

समाधानको पहिलो बिन्दु परिवार हो । बालबालिकालाई उमेरअनुसार यौन शिक्षा, सुरक्षित( असुरक्षित स्पर्श र जोखिमपूर्ण व्यवहारबारे जानकारी दिनुपर्छ । विद्यालयमा अनिवार्य बाल सुरक्षा संयन्त्र हुनुपर्छ । अभिभावकले बालबालिकाको व्यवहारमा आएको परिवर्तनलाई सामान्य भनेर बेवास्ता गर्नु हुँदैन ।

दोस्रो बिन्दु समुदाय र स्थानीय सरकार हो । जोखिममा रहेका बालबालिका तथा महिलाको पहिचान, सुरक्षित आवास, मनोसामाजिक सहयोग, विद्यालयसँग समन्वय र समुदायस्तरीय सचेतना स्थानीय तहले प्रभावकारी बनाउन सक्छ ।

तेस्रो बिन्दु प्रहरी अनुसन्धान हो । महिला तथा बालबालिकासम्बन्धी अपराध अनुसन्धानका लागि विशेषज्ञ जनशक्ति, वैज्ञानिक प्रमाण संकलन र पीडितमैत्री अनुसन्धान प्रणाली आवश्यक छ ।

चौथो बिन्दु न्याय प्रणाली हो । मुद्दा वर्षौंसम्म लम्बिने अवस्था अन्त्य हुनुपर्छ । पीडितले न्याय पाउने आशामा वर्षौं कुर्नुपर्ने र आरोपीले कानुनी प्रक्रियाको कमजोरीबाट लाभ लिने अवस्था रहनु हुँदैन ।

**अपराध बढ्दा स्थानीय र प्रदेश सरकार कहाँ?**

नेपालमा संघीयता कार्यान्वयन भएको झण्डै एक दशक पुग्दै गर्दा अपराध नियन्त्रणमा स्थानीय तथा प्रदेश सरकारको भूमिकामाथि पनि प्रश्न उठेको छ ।

अपराध अनुसन्धान र कानुनी कारबाहीको मुख्य जिम्मेवारी सुरक्षा निकायको भए पनि महिला तथा बालबालिका संरक्षण, जोखिम पहिचान, जनचेतना, पुन:स्थापना, सुरक्षित आवास र सामाजिक सद्भाव कायम गर्न प्रदेश तथा स्थानीय तहको महत्वपूर्ण भूमिका हुन्छ ।

तर घटना भएपछि राहत घोषणा गर्ने, पीडित परिवारसँग सहमति गर्ने र राजनीतिक प्रतिनिधि घटनास्थल पुग्ने अभ्यासले मात्र अपराध नियन्त्रण हुँदैन ।

बाराको गरिमा प्रकरणले पनि यही प्रश्न उठाएको छ । स्थानीय तह र प्रशासनको पहलमा सहमति भए पनि पीडित परिवारले संघीय सरकारको प्रत्यक्ष हस्तक्षेप खोज्नुपर्ने अवस्था आयो । अन्ततः केन्द्रसँगको वार्तापछि मात्रै परिवार सहमत भएको विवरण सार्वजनिक भयो ।

यदि नागरिकले आफ्नो गाउँ, नगर वा प्रदेशमा भएको गम्भीर समस्या समाधानका लागि हरेकपटक काठमाडौंकै हस्तक्षेप खोज्नुपर्छ भने संघीयताको स्थानीयकरण कहाँ भयो?

प्रदेश सरकारहरू जनताको सुरक्षाभन्दा सत्ता समीकरण, सरकार गठन, विश्वासको मत र राजनीतिक भागबन्डामै बढी केन्द्रित हुने हो भने अपराध नियन्त्रणजस्ता आधारभूत विषय ओझेलमा पर्न सक्छन् ।

अब प्रदेश र स्थानीय सरकारले अपराध भएपछि प्रतिक्रिया जनाउने होइन, अपराध हुनुअघि जोखिम पहिचान गर्ने प्रणाली बनाउनुपर्छ । विद्यालय, प्रहरी, स्वास्थ्य संस्था, महिला तथा बालबालिका संरक्षण संयन्त्र र समुदायबीच नियमित समन्वय आवश्यक छ ।

**प्रश्न अपराधीको मात्र होइन, राज्यको पनि**

निर्मला पन्तदेखि गरिमा चौधरीसम्म आइपुग्दा घटना, स्थान र पात्र फरक छन् । तर प्रश्न एउटै छ(बालिका र महिलालाई सुरक्षित राख्ने राज्यको संयन्त्र कहाँ कमजोर छ ?

पछिल्लो आर्थिक वर्षमा मात्रै करिब २ हजार ३८० बलात्कारका घटना प्रहरीमा दर्ता हुनु सामान्य तथ्यांक होइन । त्यसमा १८ वर्षमुनिका १ हजार ५१० बालिका पीडित हुनु अझ गम्भीर संकेत हो । १० वर्षमुनिका बालिकामाथि प्रत्येक वर्ष दुई सयभन्दा बढी घटना भइरहनु त समाजको सामूहिक असफलताको कठोर प्रमाण हो ।

अब राज्यको सफलता पक्राउको संख्याले होइन, अपराध घटेको तथ्यांकले मापन हुनुपर्छ । पीडितले समयमै न्याय पायो कि पाएन, अपराधीले उन्मुक्ति पायो कि पाएन र बालबालिका कति सुरक्षित भए(यिनै सूचकले राज्यको प्रभावकारिता निर्धारण गर्नुपर्छ ।

निर्मला पन्तको प्रश्न अझै बाँकी छ । गरिमाजस्ता बालिकाको सुरक्षा अझै चुनौतीमै छ । त्यसैले अब केवल घटना भएपछि शोक मनाउने, दोषी खोज्ने र राहत घोषणा गर्ने चक्रबाट बाहिर निस्कनुपर्छ ।

नेपाललाई अपराधपछि सक्रिय हुने राज्य होइन, अपराध हुनुअघि जोखिम पहिचान गरेर नागरिकको सुरक्षा गर्न सक्ने राज्य चाहिएको छ । बलात्कार र हत्या रोक्ने वास्तविक परीक्षा प्रहरीको हातमा मात्र होइन, परिवारदेखि विद्यालय, समुदायदेखि स्थानीय सरकार र प्रदेशदेखि संघीय सरकारसम्म सबैको जिम्मेवारीमा छ । ◆◆◆

# भदौ ३-१० : यो साता कहाँ के भयो ?

**१. बारा : गरिमा चौधरी बलात्कारपछि हत्या**

यो साताकै सबैभन्दा संवेदनशील र जनचासोको घटना बाराकी तीन वर्षीया गरिमा चौधरीको बलात्कारपछि हत्या बन्यो। घटनापछि जितपुर-सिमरामा प्रदर्शन चर्कियो, स्थानीयले प्रहरी कार्यालय घेराउ गरे र मुख्य राजमार्गसमेत प्रभावित भयो।

घटनाको अनुसन्धानका क्रममा नाबालक आरोपितको बयानको भिडियो खिचेर सामाजिक सञ्जालमा सार्वजनिक भएपछि प्रहरीमाथि थप प्रश्न उठ्यो। भिडियो खिच्ने प्रहरी पक्राउ परे भने घटनासँग जोडिएका अन्य व्यक्तिमाथि पनि अनुसन्धान अघि बढाइएको छ। यस घटनाले बालिका सुरक्षा, बाल न्याय र प्रहरी अनुसन्धानको गोपनीयताको विषयलाई राष्ट्रिय बहसमा ल्यायो।

**२. प्रधानमन्त्री बालेन शाहको मुस्ताङ भ्रमण**

यो साताको अर्को सर्वाधिक चर्चित राजनीतिक घटना प्रधानमन्त्री बालेन्द्र शाहको मुस्ताङ भ्रमण रह्यो। भदौ ५ गते शुक्रबार काठमाडौँबाट सडकमार्ग हुँदै पोखरा पुगेका शाह त्यसपछि आफ्नै गाडीमा मुस्ताङतर्फ लागे। निजी भ्रमण भएकाले स्थानीय प्रशासनलाई समेत उनको यात्राबारे विस्तृत जानकारी नदिइएको समाचार सार्वजनिक भयो।

मुक्तिनाथ दर्शनपछि उनको भ्रमणले राजनीतिक बहस जन्मायो। प्रधानमन्त्रीको निजी भ्रमण कति निजी हुन्छ, सुरक्षा संयन्त्रसँग कस्तो समन्वय हुनुपर्छ र सार्वजनिक पदमा रहेको व्यक्तिको पारदर्शिताको सीमा कहाँसम्म हुन्छ भन्ने प्रश्न उठे। अर्कोतर्फ सामान्य शैलीमा यात्रा गरेको भन्दै उनको प्रशंसा गर्नेहरू पनि देखिए।

**३. नेपाली कांग्रेसमा महाधिवेशन विवाद चर्कियो**

नेपाली कांग्रेसमा १५औँ महाधिवेशनको विषयलाई लिएर संस्थापन र इतर पक्षबीचको विवाद झन् गहिरियो। १४औँ महाधिवेशनबाट निर्वाचित सभापति शेरबहादुर देउवा पक्षले विशेष महाधिवेशनबाट आएको गगन थापा नेतृत्वको वैधानिकतालाई चुनौती दिँदै सर्वोच्च अदालतमा विवाद अघि बढाएको छ।

निर्वाचन समितिले भदौ २४ गते वडा अधिवेशन सुरु गर्ने कार्यतालिका अघि सारेपछि देउवा र पूर्णबहादुर खड्का पक्ष सर्वोच्च पुगेको हो। यससँगै अदालतको फैसला पर्खने कि राजनीतिक सहमतिबाट महाधिवेशन अघि बढाउने भन्ने बहस कांग्रेसभित्र तीव्र बनेको छ।

देउवा पक्षका शशांक कोइरालाले गगन थापालाई स्वीकार गरेर अघि बढ्न सकिने संकेत दिनु र अन्य नेताहरूले पनि सहमतिको विकल्प अघि सार्नुले कांग्रेसभित्र अन्तिम समयसम्म सहमतिको प्रयास हुने सम्भावना देखिएको छ।

**४. कोशी र बागमतीमा मुख्यमन्त्रीको विश्वासको मत**

प्रदेश राजनीतिमा पनि यो साता महत्वपूर्ण घटनाक्रम देखियो। कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की र बागमती प्रदेशका मुख्यमन्त्री किरण थापामगर विश्वासको मतको अवस्थामा पुगे। बागमतीमा राप्रपाको समर्थन/असमर्थन निर्णायक बन्न सक्ने अवस्था देखियो भने कोशीमा पनि सरकारको स्थायित्वका लागि विश्वासको मत महत्वपूर्ण बन्यो।

यसले प्रदेश सरकारहरूमा गठबन्धनको अंकगणित अझै अस्थिर रहेको देखाएको छ।

**५. काठमाडौं : प्रधानमन्त्रीको संसद् उपस्थितिमाथि चासो**

प्रधानमन्त्री बालेन शाहको संसद् उपस्थितिलाई लिएर पनि यो साता चर्चा भयो। प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर, संसद् र सरकारबीचको सम्बन्ध तथा प्रधानमन्त्रीको सदनमा जवाफदेहिताबारे सांसदहरूले प्रश्न उठाउँदै आएका छन्। संसद्को बैठकसम्बन्धी कार्यतालिका र सरकारका विधेयक पनि बहसमा रहे। आजको प्रतिनिधिसभा बैठकसमेत विशेष कारण भन्दै स्थगित गरी भोलि बस्ने तय भएको छ।

**६. विद्यालय कर्मचारी र शिक्षकका माग**

शिक्षा क्षेत्रमा विद्यालय कर्मचारीको आन्दोलन र शिक्षक-कर्मचारीका माग पनि चर्चामा रहे। केही कर्मचारीले तलब वृद्धि भएपछि आन्दोलन फिर्ता लिए पनि दरबन्दी तथा अन्य सेवा-सुविधासम्बन्धी माग कायम रहेको समाचार आएको छ। अनुदान शिक्षकको पारिश्रमिक बढाउँदा सरकारलाई थप आर्थिक भार पर्ने विषय पनि चर्चामा रह्यो।

यसले संघीय शिक्षा ऐन, शिक्षक तथा विद्यालय कर्मचारीको सेवा सुरक्षा र सरकारी विद्यालयको व्यवस्थापनको प्रश्नलाई फेरि सतहमा ल्याएको छ।

७. गल्याङ : जीप दुर्घटनामा दुईको मृत्यु

स्याङ्जाको गल्याङ क्षेत्रमा भएको जीप दुर्घटनामा दुई जनाको मृत्यु र १७ जना घाइते भए। सडक दुर्घटनाको जोखिम, ग्रामीण सडकको अवस्था र सार्वजनिक यातायातको सुरक्षामाथि पुनः प्रश्न उठ्यो।

**८. जनकपुर : पोखरी अतिक्रमण हटाउन डोजर**

जनकपुरधाममा गुठी संस्थानले पोखरी तथा गुठी जग्गा अतिक्रमण हटाउन डोजर चलाउन सुरु गरेको घटना पनि उल्लेखनीय रह्यो। पेठीया बजारनजिकको गोरधोइ पोखरीबाट संरचना हटाउन सुरु गरिएको हो। जनकपुरका सात पोखरीमा अतिक्रमणको लगत संकलन गरिएको र गुठी संस्थानको ठूलो क्षेत्रफल अतिक्रमणमा परेको अनुमान गरिएको छ।

**९. नाडा अटो शो सुरू**

काठमाडौंको भृकुटीमण्डपमा नाडा अटो शो २०२६ भदौ ९ गतेदेखि सुरु भयो। विद्युतीय सवारीसाधन, नेपाली प्रविधि र स्वदेशमै सवारीसाधन उत्पादनको सम्भावनाका कारण यसपटकको अटो शोले विशेष चर्चा पाएको छ। मेला भदौ १४ गतेसम्म सञ्चालन हुने बताइएको छ।

**१०. बैंक तथा वित्तीय क्षेत्र : दसैंअघि लाभांशको तयारी**

आर्थिक क्षेत्रमा सञ्चालनमा रहेका बैंक तथा वित्तीय संस्थाले दसैंअघि साधारणसभा सम्पन्न गरी लाभांश वितरण गर्ने तयारी थालेका छन्। केही बैंकका वित्तीय विवरण स्वीकृतिका लागि नेपाल राष्ट्र बैंक पुगेका छन्।

**११. सञ्चार तथा प्रविधि : बडीमालिकामा इन्टरनेट**

बाजुराको बडीमालिका क्षेत्रमा टेलिफोन तथा इन्टरनेट सेवा पुगेको घटना पनि यो साता उल्लेखनीय रह्यो। दुर्गम क्षेत्रमा सञ्चार पहुँच विस्तारले स्थानीय सेवा, पर्यटन र सरकारी सेवा प्रवाहमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

**१२. राष्ट्रियसभामा विशेष सेवा ऐन**

राष्ट्रियसभाले नेपाल विशेष सेवा ऐनसम्बन्धी विधेयक दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाउने प्रस्ताव सर्वसम्मतिले पारित गरेको छ। त्यसपछि राष्ट्रियसभा बैठक भदौ १६ गतेसम्म स्थगित गरिएको छ।

# सत्ताको चक्रव्यूँहमा प्रदेश : औचित्य पुष्टि गर्ने आधार यहि हो ?

रायुजा डेक्स टिप्पणी

विराटनगर । संघीयता कार्यान्वयनसँगै नेपालमा तीन तहका सरकार बने । सिंहदरबारमा केन्द्रित राज्यसत्तालाई प्रदेश र स्थानीय तहसम्म पुऱ्याउने, नागरिकलाई आृनै घरआँगनमा सरकारको अनुभूति गराउने र विकास तथा सेवा प्रवाहलाई सहज बनाउने उद्देश्य राखियो । तर संघीयता कार्यान्वयनको झण्डै एक दशक पुग्न लाग्दा प्रदेश सरकार आफैं भने गठन र विघटनको चक्रव्यूहमा फसिरहेको छ । जनताको जीवनसँग जोडिएका प्रश्नभन्दा सत्ता समीकरण र राजनीतिक अंकगणित प्रदेश राजनीतिको केन्द्रमा देखिन थालेको छ ।

प्रदेश सरकार फेरिनु आफैंमा लोकतन्त्रको समस्या होइन । संसदमा बहुमत गुमे सरकार परिवर्तन हुनु स्वाभाविक लोकतान्त्रिक प्रक्रिया हो । समस्या त्यतिबेला हुन्छ, जब सरकार परिवर्तनको आधार नीति, सिद्धान्त र जनहितभन्दा सत्ता भागबन्डा बन्न थाल्छ । आज एउटा दलसँग गठबन्धन, भोलि अर्को दलसँग समीकरण, केही दिनपछि फेरि अर्को समूहसँग सहकार्य-यस्तो अस्थिरताले प्रदेश सरकारलाई जनताको सरकारभन्दा राजनीतिक दलहरूको प्रयोगशाला बनाइदिन्छ । जसले प्रदेश सरकारको औचित्यलाई नै स्खलित पारिदिन्छ र भईरहेको छ त्यस्तै ।

प्रदेशमा सरकार फेरिन्छन्, मन्त्री फेरिन्छन्, मन्त्रालयको जिम्मेवारी फेरिन्छ, तर नागरिकका समस्या उस्तै रहन्छन् । बेरोजगारी, कृषि संकट, कमजोर स्वास्थ्य सेवा, शिक्षाको गुणस्तर, सडक तथा पूर्वाधारका समस्या र विपद्का बेला देखिने कमजोरीले सरकारको प्राथमिकता कहाँ छ भन्ने प्रश्न उठाउँछन् । जनताले खोजेको स्थिरता हो, तर उनीहरूले बारम्बार सत्ता समीकरणको अस्थिरता देखिरहेका छन् ।

सबैभन्दा चिन्ताको विषय प्रदेश सरकारको औचित्यमाथि नै प्रश्न उठ्न थालेको हो । संघीयताले जनतालाई नजिकको सरकार दिने वाचा गरेको थियो । तर कुनै समस्या आउँदा प्रदेश सरकारभन्दा केन्द्रको मुख ताक्नुपर्ने अवस्था रहिरहने हो भने नागरिकले स्वाभाविक रूपमा सोध्नेछन्(प्रदेश सरकारको वास्तविक काम के हो ?

प्रदेश सरकारलाई केवल मुख्यमन्त्री, मन्त्री, मन्त्रालय र राजनीतिक नियुक्तिको संरचनामा सीमित राखेर संघीयताको उद्देश्य पूरा हुँदैन । प्रदेशले आृनो विशिष्ट जिम्मेवारी पहिचान गर्नुपर्छ । शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी, पर्यटन, उद्योग, विपद् व्यवस्थापन र क्षेत्रीय पूर्वाधारमा प्रदेशले आृनै परिणाम देखाउन सक्नुपर्छ । प्रदेशले गर्न सक्ने कामका लागि पनि केन्द्रकै मुख ताक्ने र आफूले पाएको अधिकारको प्रभावकारी प्रयोग नगर्ने हो भने यसको औचित्य झन् कमजोर हुँदै जान्छ ।

यसमा राजनीतिक दलहरू पनि उत्तिकै जिम्मेवार छन् । प्रदेशलाई राजनीतिक प्रयोगशाला बनाउने, सांसदको संख्या हेरेर मन्त्रालय बाँड्ने, सरकार टिकाउन पदको आश्वासन दिने र जनताको मतलाई सत्ता समीकरणको साधन मात्र बनाउने प्रवृत्ति अन्त्य हुनुपर्छ । प्रदेशसभा सरकार बनाउने र गिराउने अंकगणितको थलो मात्र होइन, नीति निर्माण र जनताको आवाज मुखरित गर्ने सर्वोच्च लोकतान्त्रिक मञ्च बन्नुपर्छ ।

अब प्रदेश सरकारसँग एउटा कठिन तर अनिवार्य परीक्षा छ(आृनो औचित्य परिणामबाट पुष्टि गर्ने ।

कति पटक सरकार बन्यो र ढल्यो भन्ने होइन, कति विद्यालय सुधारिए, कति नागरिकले सहज स्वास्थ्य सेवा पाए, कति युवाले रोजगारी पाए, किसानले बजार पाए कि पाएनन्, विपद्मा नागरिकले सरकारको साथ पाए कि पाएनन् भन्ने प्रश्नको उत्तर दिनुपर्छ ।

जनताले सरकार स्थिर मात्र होस् भनेका होइनन्, सरकार काम गर्ने होस् भनेका हुन् । सत्ता जोगाउने गणितमा सफल भएर जनताको विश्वास गुमाउनु कुनै राजनीतिक उपलब्धि हुन सक्दैन ।

सत्ता परिवर्तनको चक्रव्यूहमा घुमिरहने कि प्रदेशको भविष्य बदल्ने ? अब प्रदेशका दलहरूले सोच्नैपर्छ .प्रदेश सरकारको विश्वसनीयता भाषणले होइन, परिणामले फर्किनेछ । त्यसैले अब कुर्सीको अंकगणितभन्दा जनताको जीवनको गणित मिलाउने बेला आएको छ ।

## यो साता : विपत्ति र दुर्घटना

**भदौ ३ गते – ५ प्रमुख घटना**

१. संखुवासभामा कोशी राजमार्ग अवरुद्ध

भोटखोला गाउँपालिका-३ सिरेक डाँडामा कोशी राजमार्गअन्तर्गत खाँदबारी-किमाथाङ्का सडक करिब १० मिटर भासिएपछि यातायात पूर्ण रूपमा प्रभावित भयो। वर्षासँगै सडक भासिने र पहिरोको जोखिम बढेको थियो।

२. इलाममा वर्षाजन्य विपद्ले सडक प्रभावित

इलामका विभिन्न क्षेत्रमा वर्षा र पहिरोका कारण सडक तथा यातायात प्रभावित भएको प्रहरीले जनाएको थियो। भदौ ३ गतेको राष्ट्रिय विवरणमै इलाम वर्षाजन्य सडक अवरोध भएका जिल्लामा परेको थियो।

३. पाल्पामा सिद्धार्थ राजमार्ग पूर्ण अवरुद्ध

तिनाउ गाउँपालिका-३ सिद्धबाबा क्षेत्रमा पहिरो खस्दा बुटवल-पाल्पा खण्डको सिद्धार्थ राजमार्ग पूर्ण रूपमा अवरुद्ध भयो। पहिरो खसिरहेकाले तत्काल सडक खुलाउनसमेत कठिनाइ भएको थियो।

४. रसुवामा त्रिशूली-मैलुङ-स्याफ्रुबेँसी सडक अवरुद्ध

उत्तरगया गाउँपालिका-५ खाल्टेमा त्रिशूली नदीले सडक कटान गरेपछि सडक पूर्ण रूपमा अवरुद्ध भयो। वर्षाजन्य क्षतिको अर्को ठूलो असरका रूपमा यो घटना देखियो।

५. जाजरकोट पहिरोबाट सयौं प्रभावित

जाजरकोटमा गएको पहिरोबाट ८ सयभन्दा बढी प्रभावित भएको विषय भदौ ३ गते प्रतिनिधिसभामै उठ्यो। जोखिममा रहेका नागरिकलाई उद्धार तथा राहतको व्यवस्था गर्न सांसदहरूले सरकारको ध्यानाकर्षण गराए।

**भदौ ४ गते – ५ प्रमुख घटना**

१. झापामा एक महिनामा २५ विपद् घटना

झापामा साउन महिनाभर बाढी, पहिरो, आगलागी, चट्याङ र जङ्गली जनावरको आक्रमणलगायत २५ वटा विपद् घटना भएको विवरण सार्वजनिक भयो। ती घटनाबाट ३४ लाख २४ हजार रुपैयाँ बराबरको भौतिक क्षति भएको थियो।

२. जाजरकोटमा जिप दुर्घटना, एकको मृत्यु

नलगाड नगरपालिका-७ दानेपिपलमा बोलेरो जिप दुर्घटना हुँदा एक जनाको मृत्यु र ६ जना घाइते भए। जिप सडकबाट करिब १५ मिटर तल खसेको थियो।

३. देशका विभिन्न नदीमा आकस्मिक बाढीको जोखिम

भदौ ४ गते रामेछाप, दोलखा, सिन्धुपाल्चोक, काठमाडौं, काभ्रे, गोरखा, लमजुङ, कास्की, स्याङ्जा, पर्वत, रोल्पा, सल्यान, रुकुम पश्चिम, जाजरकोट, दैलेख र सुर्खेतलगायत क्षेत्रमा आकस्मिक बाढीको जोखिम औँल्याइएको थियो।

४. वर्षाजन्य विपद्का ४४ घटना

भदौ ४ गते अघिल्लो २४ घण्टामा देशभर ४४ वटा विपद्का घटना भए। ती घटनामा एक जनाको मृत्यु र २६ जना घाइते भएका थिए।

५. कोशीसहित चार प्रदेशका सडक प्रभावित

लगातारको वर्षाका कारण कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका विभिन्न सडकखण्डमा बाढी, पहिरो र सडक क्षतिको असर देखिएको थियो।

**भदौ ५ गते – ५ प्रमुख घटना**

१. इलामसहित कोशीका सडकमा बाढीपहिरोको असर

इलामका विभिन्न सडकखण्ड वर्षाजन्य विपद्का कारण प्रभावित भए। भदौ ५ गते बिहानसम्म काभ्रे, सिन्धुपाल्चोक, रसुवा, रुकुम पश्चिम, लमजुङ, इलाम, नुवाकोट र मकवानपुरका सडकमा पनि यातायात प्रभावित भएको थियो।

२. कोशीदेखि कर्णालीसम्म मुख्य राजमार्ग प्रभावित

बाढी, पहिरो र सडक क्षतिका कारण कोशी, बागमती, गण्डकी र कर्णालीका विभिन्न राजमार्ग तथा सडकखण्ड अवरुद्ध वा एकतर्फी सञ्चालनमा थिए।

३. बैतडीमा पहिरोको जोखिम, सात परिवार सारिने

सुर्नया गाउँपालिका-८ रातापानीमा साउन २६ देखि निरन्तर पहिरो जाँदा सात घर उच्च जोखिममा परेका थिए। जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा सार्ने तयारी गरिएको थियो।

४. बाजुरामा पहिरो प्रभावित ११५ जना सुरक्षित स्थानमा सारिए – राष्ट्रिय

गौमुल क्षेत्रमा पहिरोका कारण दुई घरमा क्षति पुगेपछि जोखिममा रहेका परिवारसहित ११५ जनालाई सुरक्षित स्थानमा सारिएको थियो।

५. ४० विपद् घटना

भदौ ५ गतेको दैनिक विपद् विवरणअनुसार पछिल्लो २४ घण्टामा सर्पदंश, पहिरो, आगलागी, अविरल वर्षा, बाढी र चट्याङलगायत ४० घटना भएका थिए। एक जनाको मृत्यु र २३ जना घाइते भएका थिए।

**भदौ ६ गते – ५ प्रमुख घटना**

१. पोखरा-सिक्लेस सडक पहिरोले अवरुद्ध

कास्कीको पोखरा-सिक्लेस सडकखण्डमा पहिरो खसेपछि यातायात प्रभावित भयो। वर्षा जारी रहेकाले थप पहिरोको जोखिमसमेत कायम थियो।

२. वर्षाजन्य विपद्ले विभिन्न सडकमा असर

कोशीसहित देशका विभिन्न प्रदेशमा वर्षा, पहिरो र बाढीका कारण सडक आवागमन प्रभावित भइरह्यो। मनसुन सक्रिय रहेकाले पहाडी तथा नदी आसपासका क्षेत्रमा जोखिम उच्च थियो।

३. कोशी क्षेत्रमा भारी वर्षाको जोखिम

कोशी प्रदेशका विभिन्न क्षेत्रमा वर्षा र मेघगर्जनको सम्भावना कायम रहेकाले नदी तथा पहिरो जोखिम भएका क्षेत्रमा सतर्कता आवश्यक देखियो। मौसम पूर्वानुमानले कोशीसहित विभिन्न प्रदेशमा भारी वर्षाको सम्भावना औँल्याएको थियो।

४. सडक कटान तथा पहिरोको जोखिम निरन्तर

सऱ्ुवासभा, इलामलगायत पूर्वी पहाडी जिल्लाका सडक वर्षाका कारण जोखिममा रहे। अघिल्ला दिनमा अवरुद्ध सडक खुलाउने प्रयास भइरहे पनि थप वर्षाले पुनः समस्या सिर्जना गर्ने अवस्था थियो।

५. मनसुनजन्य विपद्को राष्ट्रिय जोखिम उच्च

भदौ ५ सम्म वैशाखयता देशभर ५ हजार १४ वटा विपद्का घटना भइसकेका थिए। ती घटनामा २५० जनाको मृत्यु, ८ जना बेपत्ता र १ हजार ६०७ जना घाइते भएका थिए। पहिरो, सर्पदंश र आगलागी प्रमुख घटनामध्ये थिए।

**भदौ ७ गते – ५ प्रमुख घटना**

१. कोशी प्रदेशमा सवारी दुर्घटनाको जोखिम भयावह

कोशी प्रदेशमा पछिल्ला पाँच वर्षमा २२ हजार ९३१ सवारी दुर्घटना हुँदा २ हजार १९८ जनाको मृत्यु भएको तथ्यांक सार्वजनिक भयो। आर्थिक वर्ष २०८२/८३ मा मात्रै ६ हजार ४१२ दुर्घटना र ४४० मृत्यु भएको थियो।

२. मोरङ, सुनसरी र झापा दुर्घटनाका मुख्य केन्द्र – कोशीआर्थिक वर्ष २०८२/८३ को तथ्यांकअनुसार मोरङमा २ हजार ६५, सुनसरीमा १ हजार ३३९ र झापामा १ हजार ३८३ दुर्घटना भएका थिए। यी तीन जिल्ला कोशीको सडक दुर्घटनाको उच्च जोखिम क्षेत्रमा देखिए।

३. चितवनमा बस-मोटरसाइकल दुर्घटना

चितवनमा बस र मोटरसाइकल दुर्घटनासम्बन्धी घटना भदौ ७ आसपासका प्रमुख दुर्घटना विवरणमा आएको थियो।

४. पर्वतमा अटो दुर्घटना

पर्वतको फलेवास क्षेत्रमा अटो सडकबाट तल खसेको दुर्घटनाले मानवीय क्षति तथा घाइते भएको विवरण सार्वजनिक भयो।

५. वर्षाजन्य जोखिम कायमै – राष्ट्रिय

पूर्वदेखि पश्चिमसम्म पहाडी क्षेत्रमा पहिरो र सडक अवरोधको जोखिम कायमै रह्यो। मनसुनका कारण यात्रामा सावधानी अपनाउन सुरक्षा निकायले निरन्तर आग्रह गरिरहेको थियो।

# कोशीमा सात दिन :
# सत्ता समीकरणदेखि सडक, स्वास्थ्य र सुरक्षासम्म




१. कोशी सरकारबाट कांग्रेसको समर्थन फिर्ता
नेपाली कांग्रेसले मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि कोशी प्रदेशको सत्ता समीकरण बदलियो।

२. मुख्यमन्त्री कार्कीले विश्वासको मत पाए
कांग्रेस समर्थनबाट बाहिरिएपछि मुख्यमन्त्री हिक्मतकुमार कार्कीले भदौ ८ गते प्रदेशसभाबाट ५७ मतसहित विश्वासको मत प्राप्त गरे।

३. कोशी सरकारमा एमाले-नेकपा सहकार्य
कांग्रेस सरकारबाट बाहिरिएपछि एमाले र नेपाली कम्युनिस्ट पार्टीबीच नयाँ सत्ता सहकार्य बनेको छ। यससँगै मन्त्रिपरिषद्को समीकरणसमेत फेरिएको छ।

४. दलित अधिकार विधेयक सात वर्षपछि अघि बढ्यो
कोशी प्रदेशमा लामो समयदेखि रोकिएको दलित अधिकारसम्बन्धी विधेयक प्रदेशसभामा पुगेपछि अधिकारकर्मीले स्वागतसँगै विधेयक कमजोर बन्न सक्ने चिन्ता व्यक्त गरे।

५. प्रदेशसभा कटहरीको कृषि मण्डीबाट सञ्चालन
विराटनगरस्थित पुरानो प्रदेशसभा भवन ध्वस्त भएपछि अस्थायी रूपमा कटहरीस्थित कृषि मण्डीबाट प्रदेशसभा सञ्चालन हुँदै आएको विषय पुन: चर्चामा आयो।

६. उदयपुरमा ग्यासको चरम अभाव
उदयपुरमा उपभोक्ता बिहान ३ बजेदेखि ग्यासका लागि लाइन बस्न बाध्य भए। ग्यास नपाएपछि दाउरा र विद्युतीय चुलोको प्रयोग बढ्यो।

७. पाँचथरमा रेबिजको जोखिम
पाँचथरका विभिन्न क्षेत्रमा रेबिज संक्रमण फैलिँदा पशुचौपायासमेत प्रभावित भए। पशु बीमा नहुँदा पीडित किसानले क्षतिपूर्ति नपाएको समस्या देखियो।

८. झापामा जापानिज इन्सेफलाइटिसको जोखिम
झापामा जापानिज इन्सेफलाइटिसबाट मृत्यु हुनेको संख्या छ पुगेको विवरण सार्वजनिक भयो। मेचीनगर क्षेत्रमा संक्रमणको जोखिम विशेष देखिएको छ।

९. फालेलुङमा पहिरोले सडक अवरुद्ध
पाँचथरको फालेलुङ क्षेत्रमा विभिन्न स्थानमा पहिर ो खस्दा फिदिम-फालौट सडक अवरुद्ध भयो। वर्षाका कारण ग्रामीण यातायात प्रभावित बनेको छ।

१०. धनकुटामा पहिरोको उच्च जोखिम
साँगुरीगढीका मजुवा र डढुवा गाउँ पहिरोको उच्च जोखिममा छन्। सात परिवार विस्थापित भइसकेका र थप परिवार स्थानान्तरण गर्नुपर्ने अवस्था छ।

११. उदयपुरमा अटो-स्कुल बस दुर्घटना
बेलका नगरपालिका-५ मा अटो र स्कुल बस ठोक्किँदा तीन जनाको मृत्यु र दुई जना घाइते भए। घटनाबारे प्रहरीले अनुसन्धान अघि बढायो।

१२. झापामा लुटिएको सटगन बरामद
जेनेजी आन्दोलनका क्रममा लुटिएको प्रहरीको सटगन झापामा प्रहरीले फेला पारी एक युवकलाई पक्राउ गरेको घटना चर्चामा रह्यो।

१३. धनकुटाका होटलमा अनुगमन
सेवा, सरसफाइ र होटल-लजसम्बन्धी गुनासो बढेपछि जिल्ला प्रशासन कार्यालयको नेतृत्वमा धनकुटा बजारका होटलमा छड्के अनुगमन गरियो।

१४. ट्रान्सफर्मर चोरीमा १२ जना पक्राउ
कोशीमा ट्रान्सफर्मर चोरी तथा चोरीका सामान खरिद-बिक्रीमा संलग्न रहेको आरोपमा १२ जना पक्राउ परे। सात चोरीमा र पाँच खरिदमा संलग्न रहेको प्रहरीको दाबी छ।

१५. इटहरीमा भन्सार छलीका सामान बरामद
इटहरीबाट प्रहरीले करिब ५ लाख ९५ हजार रुपैयाँ मूल्यका भन्सार छलीका सामान बरामद गरेको छ। खुला सीमाबाट हुने अवैध ओसारपसार फेरि चर्चामा आयो।

१६. सुनसरीमा अपराध नियन्त्रणका लागि डिजिटल निगरानी
सुनसरी प्रहरीले अपराधको प्रकृति विश्लेषण, जोखिम पहिचान र अनुसन्धान प्रभावकारी बनाउन डिजिटल निगरानी तथा सूचना विश्लेषणलाई प्राथमिकता दिने रणनीति सार्वजनिक गर्‍यो।

१७. सुनसरीमा घरेलु हिंसा प्रमुख समस्या
भदौ ९ मा सार्वजनिक तथ्यांकअनुसार सुनसरीमा अभिलेख भएका हिंसाका घटनामध्ये करिब ८७ प्रतिशत घरेलु हिंसा रहेको देखियो।

१८. विराटनगरमा पत्रकार दुर्घटना बीमा
कोशी प्रदेश सरकारले प्रदेशका करिब १ हजार २०० पत्रकारको एक वर्षको दुर्घटना बीमा गर्ने कार्यक्रम सुरु गर्‍यो। पत्रकार महासंघसँगको सहकार्यमा कार्यक्रम अघि बढाइएको हो।

१९. कोशीमा कर्मचारी सरुवा प्रणाली डिजिटल
प्रदेश सरकारले पहिलोपटक एकीकृत डिजिटल सरुवा व्यवस्थापन प्रणाली लागू गर्‍यो। यसले कागजी प्रक्रिया, ढिलासुस्ती र पहुँचका आधारमा हुने सरुवा घटाउने लक्ष्य राखेको छ।

२०. दलित अधिकार विधेयकमाथि प्रदेशसभामा बहस
भदौ ९ को प्रदेशसभा बैठकमा दलित अधिकार विधेयकमाथि सैद्धान्तिक छलफल जारी रह्यो। सांसदहरूले विधेयकमा थप संशोधन आवश्यक रहेको बताए।

२१. कोशीमा विद्युत् आपूर्ति सुधारको पहल
ऊर्जामन्त्री विराजभक्त श्रेष्ठले कोशी भ्रमणका क्रममा विद्युत् आपूर्ति भरपर्दो बनाउन र औद्योगिक क्षेत्रमा विद्युत् खपत बढाउन निर्देशन दिए।

२२. दूधको भुक्तानी नपाएपछि किसान आन्दोलित
इलामसहित कोशीका हजारौँ दूध उत्पादक किसानले लामो समयदेखि भुक्तानी नपाएको भन्दै आन्दोलन र सडकमा दूध पोख्नेसम्मका विर ोधका कार्यक्रम गरे।

२३. ताप्लेजुङमा इलाका प्रशासन कार्यालय स्थापना
ताप्लेजुङको तेल्लोकमा इलाका प्रशासन कार्यालय स्थापना गरिएको छ। तर सिदिङ्वा गाउँपालिकाले कार्यालय स्थापनाको निर्णयप्रति असहमति जनाएको छ।

२४. धनकुटाको टुँडिखेल जोखिममा
प्रारम्भिक अध्ययनले धनकुटाको ऐतिहासिक टुँडिखेल भासिने र भत्किने जोखिम देखाएपछि संरक्षण तथा प्राविधिक अध्ययनको आवश्यकता औंल्याइएको छ।

२५. विराटनगरमा भारततर्फको भन्सार काम प्रभावित
भारतीय भन्सार एजेन्टहरूको ...पेनडाउन□का कारण विराटनगर भन्सारबाट हुने मालवाहक सवारीको जाँचपास प्रभावित भएको र दुई दिनमै ठूलो राजस्व गुमेको समाचार आएको छ।

## साप्ताहिक घटनाक्रम

भदौ ३ गते - बुधबार
१. बारा - तीन वर्षीया गरिमा चौधरी बलात्कारपछि हत्या घटनामा दुई जना पक्राउ परे ।
२. कोशी प्रदेश - नेपाली कांग्रेसले मुख्यमन्त्री हिक्मतकुमार कार्की नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लियो ।
३. कर्णाली प्रदेश - मुख्यमन्त्री यामलाल कँडेलले विश्वासको मत लिए ।
४. सुदूरपश्चिम - मुख्यमन्त्री खगराज भट्टले विश्वासको मत लिने तयारी गरे ।
५. मकवानपुर - खोलाले बगाएका बालिकामध्ये थप एक जनाको शव भेटियो ।
६. कैलाली - गोली लागेको अवस्थामा एक पुरुष मृत फेला परे ।
७. सिद्धार्थ राजमार्ग - पहिरो पन्छाएपछि यातायात पुन: सञ्चालनमा आयो ।
८. मनाङ - सम्झौता भएको दशक बित्दा पनि मोटरेबल पुल निर्माण पूरा भएन ।
९. नेपाल-भारत सम्बन्ध - भारतीय स्थल सेनाध्यक्ष धीरज सेठ चारदिने नेपाल भ्रमण सकेर फर्किए ।
१०. शिक्षा - कृषिमन्त्रीलाई किसानले मल लिन लालपुर्जा देखाउनुपर्ने व्यवस्थाबारे प्रश्न गरे ।

भदौ ४ गते - बिहीबार
१. बागमती प्रदेश - एमालेका किरण थापा मगर मुख्यमन्त्री नियुक्त भए ।
२. कांग्रेस - आधिकारिकता विवादमा सर्वोच्च अदालतले पुनरवलोकनको अनुमति दिएपछि विवाद नयाँ मोडमा पुग्यो ।
३. सरकार - प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत सृटवेयर विकास केन्द्र स्थापना गर्ने तयारी भयो ।
४. नेपालगञ्ज - नेपालगञ्ज-पोखरा हवाई उडान पुन: सञ्चालनको तयारी गरियो ।
५. शिक्षा - अनुदानमा कार्यरत शिक्षकको पारिश्रमिक वृद्धि गर्ने निर्णय सार्वजनिक भयो ।
६. विद्यालय कर्मचारी - ईसीडी सहजकर्ता र विद्यालय कर्मचारीको पारिश्रमिक मासिक पाँच हजार रुपैयाँ बढाइयो ।
७. मनाङ - लामो समयदेखि अलपत्र मोटरेबल पुलबारे सरकारी निकायको ध्यानाकर्षण भयो ।
८. दाङ - ट्र्याक्टर र अटो ठोक्किँदा अटो चालकको मृत्यु भयो ।
९. राष्ट्र बैंक - डेपुटी गभर्नर दीर्घबहादुर रावलले पद तथा गोपनीयताको शपथ लिए ।
१०. सहरी पूर्वाधार - काठमाडौंमा विद्युत् तथा दूरसञ्चारका तार व्यवस्थापन अभियान अघि बढ्यो ।

भदौ ५ गते - शुक्रबार
१. प्रधानमन्त्री - बालेन्द्र शाह निजी भ्रमणका क्रममा मुस्ताङतर्फ प्रस्थान गरे ।
२. मुस्ताङ - प्रधानमन्त्री शाहले मुक्तिनाथ दर्शनका लागि यात्रा अघि बढाए ।
३. सरकार - सृटवेयर विकास तथा सञ्चालन केन्द्र स्थापना गर्ने निर्णय सार्वजनिक भयो ।
४. कृषि - किसानमैत्री कृषि कर्जाको आवश्यकता विषयमा बहस चर्कियो ।
५. दूध - डीडीसीले पहिलो चरणमा ६ सय किलो घिउ दुबई निर्यात गर्‍यो ।
६. शिक्षा - अनुदान शिक्षकको पारिश्रमिक वृद्धिबारे सरकारको निर्णय कार्यान्वयन प्रक्रियामा गयो ।
७. स्वास्थ्य - दुर्गम क्षेत्रका सरकारी स्वास्थ्य संस्थामा जनशक्ति अभावबारे चिन्ता बढ्यो ।
८. राष्ट्र बैंक - बैंकिङ प्रणालीमा तरलता र ब्याजदरबारे बजारमा चासो बढ्यो ।
९. खेलकुद - नेपाल भलिबल लिगको मुख्य प्रायोजक घोषणा गरियो ।
१०. पर्यटन - गुल्मीको धुर्कोट “ग्रेटवाल” नयाँ पर्यटकीय आकर्षणका रूपमा चर्चामा आयो ।

भदौ ६ गते - शनिबार
१. मुस्ताङ - प्रधानमन्त्री बालेन्द्र शाहको निजी भ्रमणलाई लिएर सुरक्षा र प्रशासनिक समन्वयबारे प्रश्न उठ्यो ।
२. सीमा सुरक्षा - नेपाल-भारत सुरक्षा बैठकमा लागुऔषध तथा सीमापार अपराधबारे छलफल भयो ।
३. राजनीति - केपी शर्मा ओलीले सरकारसँग भएको सम्झौताको आलोचना गरे ।
४. शिक्षा - शिक्षक तथा कर्मचारीका माग र पारिश्रमिक वृद्धिबारे बहस जारी रह्यो ।
५. स्वास्थ्य - मधेसमा लगातार सार्वजनिक बिदाले स्वास्थ्य सेवा प्रभावित भएको विषय उठ्यो ।
६. स्वास्थ्य बीमा - बीमा बोर्ड र अस्पतालबीचको भुक्तानी समस्याले सेवाग्राही प्रभावित भएको गुनासो आयो ।
७. सीमा - सीमावर्ती क्षेत्रमा अवैध गतिविधि नियन्त्रणका लागि संयुक्त गस्ती बढाउने विषयमा छलफल भयो ।
८. पर्यटन - पर्वतीय पर्यटनबाट अर्थतन्त्र चलायमान बनाउनुपर्नेमा सरोकारवालाले जोड दिए ।
९. कृषि - धान-गहुँको चक्र तोडेर दलहन खेती विस्तार गर्न सुझाव दिइयो ।
१०. खेलकुद - नेपालका विभिन्न खेल टोलीको अन्तर्राष्ट्रिय प्रतियोगिताको तयारीबारे समाचार केन्द्रमा रहे ।

भदौ ७ गते - आइतबार
१. मुस्ताङ - मुक्तिनाथ दर्शनपछि प्रधानमन्त्री बालेन्द्र शाह काठमाडौं फर्किए ।
२. गरिमा प्रकरण - तीन वर्षीया गरिमाको सरकारसँग सहमति भएपछि अन्त्येष्टि गरिएको खबर चर्चामा आयो ।
३. सप्तरी - दुई वर्षीया बालिका मृत फेला परेपछि एक जना नियन्त्रणमा लिइयो ।
४. लागुऔषध - काठमाडौंसहित आठ जिल्लामा प्रहरीको अपरेसनबाट १६ जना पक्राउ परे ।
५. चितवन - ट्रक, कार र मोटरसाइकल ठोक्किँदा एक युवकको मृत्यु भयो ।
६. सिरहा - करेन्ट लागेर एक जनाको मृत्यु भयो ।
७. पर्सा - पाँच किलो गाँजासहित दुई भारतीय नागरिक पक्राउ परे ।
८. सीमा अपराध - सीमावर्ती क्षेत्रमा लागुऔषध तथा तस्करी नियन्त्रणका लागि निगरानी बढाइयो ।
९. राजनीति - बागमती मुख्यमन्त्री किरण थापालाई विश्वासको मत दिन नेकपाले ह्विप जारी गर्‍यो ।
१०. कांग्रेस - देउवा-गगन विवाद समाधानका लागि राजनीतिक सहमतिको बहस तीव्र बन्यो ।

भदौ ८ गते - सोमबार
१. सुन - सुनको मूल्य प्रतितोला तीन हजार दुई सय रुपैयाँले बढ्यो ।
२. कांग्रेस - महाधिवेशन विवाद समाधान गर्न देउवा पक्ष सर्वोच्च अदालत जाने तयारीमा पुग्यो ।
३. राप्रपा - केन्द्रको निर्देशनविपरीत बागमती सरकारमा सहभागी तीन सांसदलाई पदमुक्त गरियो ।
४. एमाले - अध्यक्ष केपी शर्मा ओलीले महासचिव शंकर पोखरेलको प्रतिवेदन मस्यौदा अस्वीकार गरे ।
५. गरिमा प्रकरण - हत्यामा संलग्न आरोपमा थप व्यक्ति पक्राउ परे ।
६. सप्तरी - अढाई वर्षीया बालिकाको सौतेनी आमाबाट हत्या भएको घटना सार्वजनिक भयो ।
७. हुम्ला - ताँजाकोट गाउँपालिका कार्यालयमा आगलागी हुँदा लाखौँको सामग्री जलेर नष्ट भयो ।
८. कर्णाली - नेकपाको आन्तरिक विवादका कारण तीन मन्त्रीको शपथ रोकियो ।
९. अर्थतन्त्र - पुँजीबजारमा गिरावटसँगै लगानीकर्ताको निराशाबारे बहस भयो ।
१०. नाडा अटो शो - काठमाडौंमा नयाँ विद्युतीय सवारी र ब्रान्डसहित अटो शोको तयारी तीव्र भयो ।

भदौ ९ गते - मंगलबार
१. गरिमा प्रकरण - आरोपित किशोरको बयान भिडियो खिच्ने प्रहरी हवल्दार पक्राउ परे ।
२. प्रेस काउन्सिल - बालिका हत्या घटनाको बयान भिडियोमा आचारसंहिता उल्लैन भएको ठहर गर्‍यो ।
३. सर्वोच्च अदालत - कांग्रेस विवादमा देउवा-खड्काको पूरक रिट दर्ता भयो ।
४. बागमती - मुख्यमन्त्री किरण थापालाई विश्वासको मत नदिन कांग्रेसले ह्विप जारी गर्‍यो ।
५. कोशी - मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत प्राप्त गरे ।
६. संसद् - प्रधानमन्त्री बालेन शाहले सांसदका प्रश्नको जवाफ दिने कार्यक्रम तय भयो ।
७. राष्ट्रियसभा - नेपाल विशेष सेवा ऐनसम्बन्धी विधेयक समितिमा पठाउने प्रस्ताव स्वीकृत भयो ।
८. गल्याङ - बोलेरो दुर्घटनामा दुई जनाको मृत्यु र १७ जना घाइते भए ।
९. उदयपुर - ठूलो परिमाणको गाँजासहित तीन जना पक्राउ परे ।
१०. शिक्षा - यू-१९ एसिया कप तथा विश्वकपका लागि नेपालको प्रारम्भिक टोली घोषणा भयो ।
११. बालिका सुरक्षा - गरिमा प्रकरणपछि जघन्य अपराधमा मृत्युदण्डको माग संसद् र सडकमा थप बलियो बन्यो ।
१२. प्रहरी अनुसन्धान - गरिमा बयान भिडियो प्रकरणमा संलग्न अन्य प्रहरीमाथि अनुसन्धान जारी रह्यो ।
१३. कांग्रेस - सर्वोच्चमा दर्ता रिटपछि १५औँ महाधिवेशनको कार्यतालिकामाथि अन्योल बढ्यो ।
१४. बागमती - मुख्यमन्त्री किरण थापामगरको विश्वासको मतलाई लिएर दलहरूबीच शक्ति परीक्षण भयो ।
१५. संसद् - प्रधानमन्त्री बालेन शाहले सांसदहरूका प्रश्नको जवाफ दिने विषय मुख्य चर्चामा रह्यो ।
१६. नाडा अटो शो - ५१ ब्रान्ड र नयाँ ईभी मोडलसहित अटो प्रदर्शनीको आकर्षण बढ्यो ।
१७. सुनचाँदी - सुनको लगातार बढ्दो मूल्यले बजार र उपभोक्ताको ध्यान तान्यो ।
१८. शेयर बजार - नेप्सेमा पुन: गिरावट आउँदा कारोबार चार अर्ब रुपैयाँ नाघ्यो ।
१९. स्वास्थ्य - जापानीज इन्सेफलाइटिसका कारण मृत्यु बढेपछि स्वास्थ्य जोखिमबारे चेतावनी बढ्यो ।
२०. सार्वजनिक बिदा - मोहम्मद जयन्तीका अवसरमा मुस्लिम समुदायका लागि भदौ १० गते सार्वजनिक बिदा दिइयो ।

◆◆◆

# साताका स्वर र चर्चाको शिखर

## अब रचनात्मक प्रतिपक्षको भूमिका खेल्छौं


**गोपाल तामाङ – कांग्रेस प्रमुख सचेतक, कोशी प्रदेश**



कोशी प्रदेश सरकारलाई दिएको समर्थन फिर्ता लिँदै नेपाली कांग्रेसका प्रमुख सचेतक गोपाल तामाङले अब आफूहरू रचनात्मक प्रतिपक्षको भूमिकामा रहने बताए । भदौ ३ गते कांग्रेस संसदीय दलको बैठकले एमाले-नेकपा नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेपछि प्रदेशको सत्ता समीकरण औपचारिक रूपमा बदलियो । तामाङको अभिव्यक्तिले कांग्रेस सरकारबाट बाहिरिए पनि प्रदेशसभामा जिम्मेवार भूमिका निर्वाह गर्ने संकेत गरेको छ । समर्थन फिर्ताको निर्णयसँगै मुख्यमन्त्री हिक्मतकुमार कार्कीले विश्वासको मत लिनुपर्ने अवस्था सिर्जना भयो । त्यसपछि प्रदेश राजनीतिमा सरकार टिकाउने अंकगणित र कांग्रेसको आगामी रणनीति मुख्य चर्चाको विषय बन्यो ।

## सरकारलाई स्थायित्व दिन विश्वासको मत आवश्यक

**हिक्मतकुमार कार्की – मुख्यमन्त्री, कोशी प्रदेश**



मुख्यमन्त्री हिक्मतकुमार कार्कीका लागि यो साता राजनीतिक रूपमा महत्वपूर्ण रह्यो । कांग्रेसले समर्थन फिर्ता लिएपछि उनले प्रदेशसभामा विश्वासको मत मागे । कांग्रेससँग समेत सहयोगको आग्रह गरेका कार्कीले अन्ततः एमाले र नेपाली कम्युनिस्ट पार्टीका सांसदको समर्थनमा विश्वासको मत प्राप्त गरे । मतदानमा उनको पक्षमा ५७ र विपक्षमा २२ मत परेको थियो । कार्कीको नेतृत्वमा रहेको सरकारलाई अब प्रदेशको बजेट, विकास आयोजना र प्रशासनिक कामलाई निरन्तरता दिनुपर्ने चुनौती छ । विश्वासको मत पाएसँगै तत्कालको सत्ता संकट टरे पनि प्रदेशमा सत्ता समीकरण परिवर्तनको सम्भावना भने पूर्ण रूपमा समाप्त भएको छैन ।

## दलित समुदायलाई अधिकार सम्पन्न बनाउन विधेयक

**गीता तिम्सिना – सामाजिक विकासमन्त्री, कोशी**



कोशी प्रदेशमा सात वर्षपछि दलित अधिकारसम्बन्धी विधेयक प्रदेशसभामा पुगेपछि सामाजिक विकासमन्त्री गीता तिम्सिना पनि चर्चामा रहिन् । उनले प्रदेशमा पछाडि पारिएको दलित समुदायलाई अधिकार सम्पन्न बनाउने उद्देश्यले विधेयक ल्याइएको बताएकी छन् । लामो समयदेखि मस्यौदा र छलफलमा रहेको विधेयकले दलित समुदायको सामाजिक, आर्थिक र राजनीतिक अधिकार संस्थागत गर्ने अपेक्षा गरिएको छ । यद्यपि अधिकारकर्मीहरूले विधेयकमा कतिपय अधिकार स्पष्ट रूपमा उल्लेख नगरी नियमावली र कार्यविधिमा छाडिएको भन्दै प्रश्न उठाएका छन् । त्यसैले अब प्रदेशसभाको छलफलले विधेयकलाई कति अधिकारमुखी र कार्यान्वयनयोग्य बनाउँछ भन्ने विषय महत्वपूर्ण बनेको छ ।

## अधिकार दिनेभन्दा अधिकार कटौती हुने डर

**उमेश विश्वकर्मा – दलित अधिकार अभियन्ता**



दलित अधिकार अभियन्ता उमेश विश्वकर्माले प्रदेश सरकारले ल्याएको दलित अधिकार विधेयकमाथि गम्भीर प्रश्न उठाएका छन् । उनको मुख्य चिन्ता विधेयकले दलित समुदायलाई अधिकार सुनिश्चित गर्नुको साटो कतिपय अधिकारलाई भविष्यको नियमावली र कार्यविधिमा निर्भर बनाएको विषयमा छ । सरकार परिवर्तन भइरहने प्रदेशमा कानुनमै स्पष्ट अधिकार नतोके कार्यान्वयन कमजोर हुनसक्ने उनको तर्क छ । लामो समय लगाएर तयार पारिएको विधेयकमा सरोकारवालाका सुझाव पर्याप्त रूपमा समेटिन नसकेको उनको गुनासो पनि छ । त्यसैले विधेयक पारित गर्नु मात्र उपलब्धि नभई त्यसले दलित समुदायको शिक्षा, रोजगारी, प्रतिनिधित्व, सामाजिक सुरक्षा र सम्मानलाई व्यवहारमै सुनिश्चित गर्नुपर्ने उनको धारणा चर्चामा रह्यो ।

## बालिका र महिलामाथिको हिंसामा उन्मुक्ति हुनु हुँदैन

**नुनुमा राई – जिल्ला प्याब्सन इलाम अध्यक्ष, कोशी**



बाराकी बालिका गरिमा चौधरीको बलात्कारपछि हत्या प्रकरणविरुद्ध इलाममा भएको प्रदर्शनको नेतृत्व गर्दै नुनुमा राईले महिला तथा बालिकामाथि हुने हिंसामा दोषीलाई कुनै पनि बहानामा उन्मुक्ति दिन नहुने बताइन् । भदौ ९ गते इलाममा निकालिएको विरोध ¥याली तथा ज्ञापनपत्रमार्फत उनले पीडित परिवारलाई न्याय, घटनाको शीघ्र र निष्पक्ष अनुसन्धान तथा दोषीमाथि कडा कानुनी कारबाहीको माग गरिन् । उनको अभिव्यक्ति एउटा घटनामा मात्र सीमित नभई महिला र बालबालिकाको सुरक्षा राज्यको प्राथमिक दायित्व हुनुपर्ने विषयसँग जोडिएको थियो । गरिमा प्रकरणले कोशीमा समेत महिला हिंसाविरुद्ध नागरिक दबाब बढाएको देखियो ।

## राज्यकोष पारदर्शी रूपमा खर्च हुनुपर्छ

**विदुरकुमार लिङ्थेप – आर्थिक मामिला तथा योजनामन्त्री कोशी**



कोशी प्रदेशसभामा आर्थिक विधेयकमाथिको छलफलका क्रममा आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिङ्थेपले सार्वजनिक रकम कानुनी र पारदर्शी ढंगले खर्च गर्नुपर्नेमा जोड दिए । उनका अनुसार प्रदेश सरकारको खर्च प्रणालीलाई व्यवस्थित बनाउन कानुनी आधार बलियो बनाउन आवश्यक छ । राज्यकोष पारदर्शी रूपमा परिचालन भएमा नागरिकमा सरकारप्रतिको विश्वास बढ्ने उनको धारणा थियो । अहिले प्रदेश सरकारमाथि बजेट कार्यान्वयन, खर्चको गुणस्तर र आर्थिक अनुशासनका विषयमा प्रश्न उठिरहेका बेला लिङ्थेपको भनाइ अर्थपूर्ण देखिन्छ । प्रदेशको सीमित स्रोतलाई प्राथमिकताका क्षेत्रमा परिचालन गर्दै परिणाम देखाउनुपर्ने चुनौतीबीच उनको अभिव्यक्ति आएको हो ।

## सामाजिक सद्भाव बिग्रन नदिन सरकार सचेत हुनुपर्छ

**रामबहादुर राना मगर – कोशी प्रदेशसभा सदस्य कोशी**



प्रदेशसभा बैठकको विशेष समयमा सांसद रामबहादुर राना मगरले सामान्य विवादसमेत कतिपय अवस्थामा उग्ररूप लिन सक्ने भन्दै सरकारलाई समयमै सचेत हुन आग्रह गरे । द्वन्द्व भएका क्षेत्रमा सामाजिक सद्भाव र सहिष्णुता कायम गर्न राज्य, राजनीतिक दल र नागरिक समाज सबैले भूमिका खेल्नुपर्ने उनको भनाइ थियो । पछिल्लो समय प्रदेशमा राजनीतिक ध्रुवीकरण, सामाजिक असन्तुष्टि र विभिन्न समुदायका मुद्दा उठिरहेका बेला उनको अभिव्यक्ति सामाजिक सद्भावसँग जोडिएको छ । उनले संविधान र संघीयताको रक्षा गर्दै राज्यकोषलाई भौतिक, सामाजिक तथा आर्थिक विकासमा प्रभावकारी रूपमा परिचालन गर्नुपर्नेमा समेत जोड दिएका छन् ।

साताको निष्कर्ष

## इतिहासको पानाबाट

### तेस्रो विश्वयुद्धबारे नास्त्रेढमसको सान्दर्भिक भविस्यवाणी



सन् २००१ सेप्टेम्बर ११ का दिन स्थानीय समयअनुसार बिहान ८:४५ बजे न्यूयोर्क सहरको गौरव विश्व व्यापार केन्द्र रहेका जुम्ल्याहा भवन मध्ये उत्तरी भवनमा एउटा यात्रुबाहक जेट विमान आएर ठोक्किदै भित्र पस्यो । त्याहाँ ठुलो विस्फोटका साथ आगो दन्किन थाल्यो । त्यसको ठीक १८ मिनेटपछि अर्को यात्रुबाहक जेट विमान यसैगरि आएर दक्षिणी भवनभित्र पस्यो । हेर्दाहेर्दै त्यो भवन पनि आगो र धुवाँको मूस्लोभित्र हरायो । दुवै भवनलाई केही क्षणमै आगोले ध्वस्त पार्यो ।

पिहलो जहाज ठेक्किएको ठीक ५८ मिनेटपछि संसारकै सबैभन्दा शक्तिशाली स्थान मानिएको अमेरिकी रक्षा मन्त्रालय पेन्टागनमा अर्को जे विमान ठोक्काएर त्यसलाई पनि ध्वस्त पारियो । यी सबै आक्रमणहरु कुनै शत्रु राष्ट्रद्वारा नभई आतंककारी समूहद्वारा गरिएका थिए र तयस आक्रमणकारी समूहभित्र अमेरिकी नागरिकता पाएका केही अरबीहरू पनि भएको अनुमान गरिएको छ । अमेरिकालाई कुनै विदेशी राष्ट्रसँग युद्ध गर्न त्यति गाह्रो नहुनसक्छ, तर जसको कुनै सेना र निश्चित ठेगाना छैन, त्यस्तो आतंकवादी समूहसँग कसरी युद्ध गर्ने ? यसले अमेरिकालाई अन्धो सिंह जस्तो बनाएको छ ।

अमेरिकामाथि गरिएको भीषण आतंकवादी आक्रमणपछि अमेरिकाले ठूलै युद्धको तयारी गरिरहेको छ । हाल अमेरिकाले गर्न लागेको युद्धलाई विश्वका कतिपय मानिसहरु निहट भविष्यमा हुने तेस्रो विश्वयुद्धका रुपमा हेरिरहेका छन् । के यी मानिसहरुले सोचेजस्तै अब हुन गइरहेको युद्ध तेस्रो विश्वयुद्ध नै हो त ?

यस सन्दर्भमा विश्वप्रशिद्ध भविष्यवक्ता नास्त्रेदमसले आजभन्दा लगभग साढे चार सय वर्षअघि गरेको भविष्यवायी सान्दर्भिक देखिन्छ । उनले तेस्रो विश्वयुद्धबारे धेरै भविष्यवाणीहरु गरेका थिए । ती भविक्ष्यवाणीहरु अध्ययन गर्दा तेस्रो विश्वयुद्ध धार्मिक कारणबाट हुने निष्कर्ष निक्लन्छ । हाल अमेरिकामा गरिएको आक्रमणलाई केही अरबीहरूले 'जेहाद' को नाम दिएका छन् । जेहादको अर्थ धार्मिक युद्ध हो । यसबाट के अर्थ निस्कन्छ भने धार्मिक युद्धले विश्वयुद्धको रुप लिन मात्र बाँकी छ । यसले विश्वयुद्धको रुप कहिले लिने हो ? यसबारे नास्त्रेदमसले गरेको भविक्ष्यवाणीको विश्लेषण सान्दर्भिक छ ।

तेस्रो विश्वयुद्ध शुरु हँदाको बेला ग्रहगोचरी अवस्थाको वर्णन गर्दै नास्त्रेदमसले लेखेका छन् - 'वृहस्पति तथा शनि जब मेष राशिमा एकसाथ हुनेछन्, ठीक त्यसै बेलादेखि बर्बादी शुरु हुनेछ ।' पश्चिमी ज्योतिष सिद्धान्तअनुसार सन् १९९९ मार्च १४ मा शनि र वृहस्पति दुवै ग्रह मेष राशीमा थिए । त्यसको ठीक ८ महिनापुर्व केन्याको नैरोवी र तान्जानियाको दाचर ए सलामस्थित अमेरिकी दुतावासहरुमा भीषण बम विस्फोटन गराइएको थियो । उक्त विस्फोटनमा २ सय २४ जा मारिएका थिए भने हजारौं घाइते भएका थिए । उक्त बमकाण्डाई पनि जेहादको नाम दिइएको थियो र त्यस बमकाण्डको जिम्मेवारी पनि ओसामा बिन लादेनको समूहले लिएको थियो ।

नास्त्रेदमसले भविक्ष्यावाणी गरेका कतिपय मितिहरु धेरथोर यताउता हुने गर्छन् र यो उनले जानीजानीकन गरेका थिए भनिन्छ । उनले दिएको उपरोक्त ग्रहगोचरीय योग तथा विगत दुई वर्षयता भएका घटनालाई केलाउँदा तेस्रो विश्वयुद्धको शुरुआत भएको संकेत मिल्छ । नास्त्रेदमसका अनुसार तेस्रो विश्वयुद्धमा पनि दोस्रो विश्वयुद्धमा झैं विश्वका प्रमुख राष्ट्रहरु दुई समूहमा विभाजित हुनेछन् ।

इस्लामिक राष्ट्रहरु र चीन मिलेर एउटा संयुक्त आक्रमणकारी समूह बनाउनेछन् । यस समूहलाई 'इस्टर्न-फोर्स', 'चीन-अरब फोर्स', 'चीन-मुस्लिम फोर्स' आदि नाम दिइएको छ भने अर्को समूहलाई 'वेस्टर्न फोर्स' 'रुसी-अमेरिकी सेना' आदि नाम दिइएको छ । नास्त्रेदमसका भभिष्यवाणीहरु क्रमिकरुपमा छैनन् । उनले गरेका भविस्यवाणीहरुलाई क्रमिकरुपमा बुझ्ने प्रयास गर्दा तेस्रो विशवयुद्धमा हुनसक्ने प्रमुख घटनाहरुको संक्षिप्त विवरण निम्नानुसार देखिन्छ :

तेस्रो विश्वयुद्धको प्रमुख कारण धर्म नै हुनेछ । चीा-मुस्लिमहरुको संयुक्त फैजले युरोपका धेरैजसो सहरहरुलाई ध्वस्त पार्नेछन् । ध्वस्त पार्ने क्रममा यिनीहरु एटम-बम, जैविकीय अस्त्र तथा हाइड्रोजन बमसमेत प्रयोग गर्न पछि पर्नेछैनन् । अन्तरिक्षबाट लेसर किरणद्वारा आक्रमण गरिनेछ । अन्तरिक्षबाट प्रयोथ गरिने लेसर किरणका बारेमा भनिएको छ -'रोग फैलाउने गरंगहरुल आर्कटिक क्षेत्रतिरबाट आउने बदलासँगै धेरै टाढा जानेछन् र यही मौकामा धातुबाट बनेको र पखेटा भएको एउटा गोलाकार यान पृथ्वीदेखि २ सय ७० माइल माथि आकाशमा हुनेछ । त्यतिखेर अन्य देशहरुको कानुनतर्फ ध्यान दिइनेछैन ।'

यसैक्रममा पूर्वी सेनाको संयुक्त दटोलीले टर्की, ग्रीस, युगोस्लाभिया, फ्रन्स, इटाली, इंल्यान्ड आदि प्रमुख युरोपेली राष्ट्रहरुमाथि अत्याधुनिक आणविक अस्त्रहरुद्वारा आक्रमण गर्नेछन् । उक्त आक्रमणबाट ब्रिटेनजस्तो शक्तिसम्पन्न राष्ट्र लाचार हुनेछ । प्रान्स एवं इटालीलाई तहस-नहस पारेपछि इटालीमा पूर्वी सेनाद्वारा सैनिक हेडक्वार्टर स्थापना गरिनेछ । पेरिस सहरलाई आणविक अस्त्रद्वारा मानवविहीन बनाइनेछ । त्यसपछि उक्त आक्रमणकारी फौजद्वारा स्वीट्जरल्यान्डलाई पराजित गरी बैंकमा रहेको सम्पूर्ण धन-सम्पत्ति हत्याइनेछ । यसखाले विनाशकारी युद्ध यसअघि कहिल्यै नलडिएको अपूर्व युद्ध हुनेछ ।

समाचारपत्रबाट क्रमशः.....